वर्ष : १६, अंक : २१, काठमाडौं, २०७७ भाद्र १९ गते शुक्रबार, 4 September 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

# किन हुँदैछ मधेशमा शृङ्खलावद्ध हत्या ?

**मधेशवाणी डेस्क**

काठमाडौं । भदौ १४ गते रौतहटको गढीमाई नगरपालिका-३ मुसरिया गाउँकी ४० वर्षीया मिन्त्रा देवी बैठाको हत्या भयो ।

बिहान घाँस काट्न भनेर उँखुबारीमा गएकी उनको त्यहीँ शव फेला परेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । घाँटीमा सारीले बाँधेको अवस्थामा उनको शव फेला परेको हो ।

बैठाको मृत्यु सँगै रौतहटमा तीन सातामा चार जनाको मृत्यु भएको छ र ती सबै मृत्युमा हत्याको आशका छ । रौतहट जिल्लामा पछिल्लो समय एकपछि अर्को हत्या हुँदै आएको छ । मिन्त्रा देवीको हत्यासँगै १६ दिनको अवधिमा दलित समुदायका चारजनाको ज्यान भएको छ ।

साउन ३१ गते राति निरन्जन रामको हत्या भएको थियो । रौतहटको गरुडा नगरपालिका वडा नं. ८ जिगंडवाका २० वर्षीय निरञ्जन रामको घाँटी रेटेर हत्या भएको चार दिनपछि भदौ ३ गते राति रौतहटको माधवनारायण नगरपालिका २ खेसरहियामा हनुमान मन्दिरका पुजारी श्रीराम साहको हत्या भएको थियो ।

पुजारी हत्याको अनुसन्धान अझै निष्कर्षमा पुग्न नसकेकै बेला निरन्जन रामको हत्याको अभियोगमा पक्राउ परेर प्रहरी हिरासतमा रहेका गरुडा जिगंडवाका १९ वर्षीय विजय रामको ज्यान गयो । प्रहरी हिरासतमा रहँदा निर्मम यातना भोगेका विजयको मृत्युपछि स्थानीयले प्रहरीविरुद्ध गरेको प्रदर्शनको क्रम सेलाउन नपाउँदै आइतवार साँझ मिन्त्रा देवी बैठाको शव फेला परेको हो ।




ज्यान गुमाएका चारमध्ये निरन्जन, विजय र मिन्त्रा देवी बैठा तीनै जना दलित समुदायका हुन् । हिरासतमा ज्यान गुमाएका विजय रामको विषयमा पछिल्लो समय गरुडामा परिवारजन, स्थानीय र दलित अगुवाहरुले प्रहरीविरुद्ध लगातार प्रदर्शन गरेका छन् ।

विरोध प्रदर्शनकै कारण इलाका प्रहरी कार्यालय गरुडाका इन्चार्ज डीएसपी ज्ञान कुमार महतोको जिम्मेवारी खोसेर उनलाई प्रदेश प्रहरी कार्यालय तानिएको छ भने घटनाको अनुसन्धानका लागि गृह मन्त्रालयले तीन सदस्यीय छानबिन समिति बनाएको छ ।

**हत्याको तीन कारण**

रौतहटका पुजारी श्रीराम शाहको हत्यामा संलग्न आरोपमा पक्राउ परेका दुई जनालाई प्रहरीले सार्वजनिक गरेको छ । देवाही गोनाही नगरपालिका-१ घर भएका रामनरेश पटेल र सोही ठाउँका बालकुमार पटेललाई सार्वजनिक गरेको हो ।

रौतहटको बौधिमाई नगरपालिका-७ वडकी बंकुल एरियाबाट २ नम्बर प्रदेश प्रहरी कार्यालय र रौतहट प्रहरीको विशेष टोलीले उनीहरुलाई पक्रेको २ नम्बर प्रदेशका प्रहरी प्रमुख धीरजप्रताप सिंहले जानकारी दिए ।

नरेश पटेलले कटुवा पेस्तोल प्रयोग गरी पुजारी साहको हत्या गरेको प्रहरीको अनुसन्धानबाट खुलेको सिंहले बताए । उनले भने, 'त्यस्तै बालकुमार पटेलले घटनास्थित बसेर मानिसको आवत जावतलाई निगरानी गरेको थियो ।'

यस्तै घटनामा अन्य व्यक्तिको पनि संलग्नता रहेको अपराधीको खोजी कार्य भइरहेको सिंहले जानकारी दिए । पक्राउ परेका दुवै जनामाथि जिल्ला अदालत रौतहटबाट १० दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

माधव नारायण नगरपालिका-३ खेसरहिया टोलस्थित हनुमान मन्दिरका पुजारी शाहको साउन ३ मा हत्या भएको थियो । उनले आफ्नै पैसा लगानी गरेर मन्दिर बनाएका थिए ।

मन्दिर परिसरमा अज्ञात ब्यक्तिले गोली हानेर हत्या गरेका पुजारीको हत्यामा संलग्नलाई कानुनी दायरामा ल्याउन हिन्दुवादी संगठनले दवाव दिएका थिए ।

**दोषीलाई कारबाही हुन्छ : राउत**

मुख्यमन्त्री लालबाबु राउतले रौतहट घटना का दोषीहरुलाई कडा भन्दा कडा सजाय दिलाउने प्रतिबद्धता व्यक्त गरेका छन् । रौतहटको गरुडा र माधवनारायण नगरपालिकामा पछिल्लो समयमा भएका घटनाको पीडित परिवारहरुसँगको भेटमा मुख्यमन्त्री राउतले दोषी जो र जुन दर्जाको भए पनि सजाय भोग्नु पर्ने बताए ।

गरुडाको जिङ्गडियामा हत्या भएको राम परिवारसँगको भेट्मा उनले गरुडा घटना बारे सुक्ष्म छानबिन गर्न आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्र यादवको अध्यक्षता उच्चस्तरीय छानबिन समिति गठन भइ सकेको र समितिको प्रतिबेदनको आधारमा दोषीलाई कडा भन्दा कडा कारबाही गरिने बताए । मुख्यमन्त्री राउतले मृतकका परिवारलाई प्रदेश सरकारको तर्फबाट राहत उपलब्ध गराउने घोषणा समेत गरे ।

आन्तरिक मामिला मन्त्री ज्ञानेन्द्र कुमार यादवले दोषी प्रहरीहरुलाई निलम्बन गरेर कारबाही प्रक्रिया सुरु गरी सकेको उल्लेख गर्दै न्याय पाउनेमा विश्वस्त रहन पीडित परिवारलाई आग्रह गरे ।

यसै गरी माधव नारायण नगरपालिकामा हत्या भएको पुजारी राम साहको हत्यास्थल पुगेका मुख्यमन्त्री राउतले बाबाको हत्यामा संलग्न दोषीलाई पनि कडा भन्दा कडा कारबाही गराउने प्रतिबद्धता व्यक्त गरे ।

## जसपामा ७०१ सदस्यीय केन्द्रीय समिति

काठमाडौं । जनता समाजवादी पार्टी ( जसपा) ले ७०१ सदस्यीय केन्द्रीय समिति गठन गर्ने भएको छ । संघीय समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी (राजपा) बीच एकीकरण भएपछि हालसम्म केन्द्रीय समितिले पूर्णता पाएको छैन । एक साताभित्र केन्द्रीय समिति विस्तार र पदाधिकारीको कार्यविभाजन गर्ने गरी गृहकार्य भइरहेको छ । हाल जसपाको महन्थ ठाकुर र उपेन्द्र यादव अध्यक्ष रहेको सानो केन्द्रीय समिति छ । दल दर्ता प्रयोजनका लागि बनाइएको समिति विस्तार गरेर नेताहरूको कार्यविभाजन गर्न लागिएको हो । पूर्व समाजवादीले पदाधिकारी र केन्द्रीय समितिमा पठाउने नाम टुंग्याइसकेको छ । राजपा भने आन्तरिक छलफलमा छ ।

जनता समाजवादी पार्टीमा एकीकरण गरेका दुबै दलले साढे ३०० सय

*बाँकी अन्तिम पृष्ठमा*

## १० प्रतिशतको थ्रेसहोल्ड हटाउन जसपाको माग

काठमाडौं । जसपाले आधिकारिक ट्रेड युनियनको चुनावका लागि तोकिएको १० प्रतिशत थ्रेडहोल्डलाई घटाएर ३ प्रतिशतमा राख्न माग गरेको छ । जसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले प्रेस विज्ञप्ति जारी गर्दै राष्ट्रिय स्तरका ट्रेड युनियनको प्रतिनिधित्व सुनिश्चिततताको लागि तोकिएिको १० प्रतिशत थ्रेसहोल्ड संविधानको भावना अनुकूल नरहेकोले त्यसलाई ३ प्रतिशत कायम गर्न माग गरेका हुन् । १० प्रतिशत थ्रेसहोल्ड रह्यो भने निजामती सेवामा रहेको अल्पमत वर्गका कर्मचारीहरुको सहभागिता आधिकारिक ट्रेड युनियनमा हुन नसक्ने भन्दै जसपाले निजामति सेवामा मधेशी कर्मचारीको समग्र उपस्थिति नै १० प्रतिशतभन्दा कम रहेको वर्तमान अवस्थामा १० प्रतिशत थ्रेसहोल्डका साथ तोकिएको आधिकारिक ट्रेड युनियनको निर्वाचनमा ट्रेड युनियन नेपाल र मधेशी निजामती कर्मचारी मञ्चलाई अधिकारबाट वञ्चित गराउने षड्यन्त्र भएको दावी गरेको छ । १० प्रतिशत थ्रेशहोल्डको दायरालाई घटाई ३ प्रतिशत कायम गरी प्रथम आधिकारिक ट्रेड युनियनको निर्वाचनमा भाग लिई सक्केका राष्ट्रियस्तरका ट्रेड युनियनले विनाशर्त भाग लिन पाउने व्यवस्था गर्नुपर्ने माग समेत जसपाले गरेको छ । साथै, सो पार्टीले कारोना महामारीको अवस्था तथा संघीय निजामती सेवा ऐन तयारीको क्रममा रहेको हुँदा सो ऐन स्वीकृत भएपछि मात्र निर्वाचनको मिति तोक्न माग गर्दै २०७७ असोज २४ गतेको लागि निर्धारित आधिकारिक ट्रेड युनियनको निर्वाचन स्थगन गर्न पनि माग गरेको छ ।

## अधुरै रहे मुखर्जीको सपना

काठमाडौं । भारतका पूर्व राष्ट्रपति प्रणव मुखर्जीले जनकपुरमा धर्मशाला बनाउने सपना अधुरै रहेको छ ।

उनको मृत्यु भएसँगै उनले राष्ट्रपति रहेका समय जनकपुरधाममा गरेका बाचा अपुरै रह्यो ।

सन् २०१२ मा भारतको तेह्रौं राष्ट्रपतिको रुपमा निर्वाचित भएका मुखर्जी आफ्नो राष्ट्रपतिकालमै २०७३ साल कात्तिक १९ गते तीन दिवसीय नेपालको राजकीय भ्रमणको क्रममा जनकपुरधाम आएका थिए ।

राष्ट्रपति मुखर्जीले जनकपुरधामको भ्रमणको क्रममा ऐतिहासिक तिरहुतिया गाछीमा आयोजित नागरिक अभिनन्दन समारोहको सम्बोधन गर्दै जनकपुरधाम आउने तिर्थालुहरुका लागि दुई वटा धर्मशाला र परिक्रमा सडक (चक्रपथ) निर्माण गर्ने घोषणा गरेका थिए ।

उनले सम्बोधनमा भनेका थिए, 'नेपाल र भारतबीचको अटुट सम्बन्ध त छँदैछ साथै जनकपुरले पनि भारतको विभिन्न धर्मस्थललाई धार्मिक आस्थासँग जोडेकाले भारत सरकारले यो क्षेत्रको विकासमा गम्भीर छ र हुनुपर्छ ।'

मुखर्जीले आफ्नो सम्बोधनको क्रममा जनकपुरधाममा दुईवटा धर्मशाला र परिक्रमा सडक भारत सरकारले निर्माण गर्ने घोषणा गरेका थिए । उनले यो घोषणा

*बाँकी अन्तिम पृष्ठमा*

**समय-सन्दर्भ**

## कोरोना महामारी, नेकपा विवाद र एमसीसी

**कृष्ण कुमार गुप्ता**



अहिले सम्पुर्ण बिस्व कोरोना माहामारीको चपेटमा परिसकेको छ । संसारका सबभन्दा शक्तिशाली देश अमेरिकामा सबभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ । संसारका सबै देशहरुको अर्थतन्त्र धारासाही भइसकेको छ । नेपाल पनि यो कोरोना माहामारीबाट अछुतो छैन । नेपालमा पहिलो कोभिड-१९ का बिरामी चीनबाट आएको थियो । पछि इटलि र अरु देशहरुबाट पनि बिरामीहरु आएको थियो तर अहिले भारतबाट आएको नेपालीहरु आउँदा संक्रमण ह्वात्तै बढ्यो मृतकको संख्या पनि दुई सयभन्दा बढी पुगिसकेको छ । संक्रमितको संख्या पनि चालिस हजारभन्दा बढी पुगिसकेको छ । प्रत्येक दिन लगभग हजार जना नयाँ संक्रमित थपिँदै छन् । अहिले हट पोइन्ट बनेका प्रदेश नम्बर २ र काठमाडौंको स्थिति झन् बिग्रदै छ । प्रदेश नम्बर २ को सरकार पूर्ण रुपले नाकामयाब भइसकेको छ, संघ सरकारले ओभरटेक गर्ने बेला आइसकेको छ ।

नेकपाले अहिले देशको नेतृत्व गरिरहेको छ, धेरै दिनपछि नेपालले स्थायी सरकार पाएको छ, लगभग २/३ का सरकारले देशलाई एउटा नयाँ दिशातिर डोऱ्याउँदै छ देशले स्वाधिनतालाई ध्यानमा राखी विश्व सामु एउटा महत्त्वपूर्ण देशको रूपमा चिनिदै छ । त्यसकारण विदेशी शक्तिहरु चलखेल गरेर नेकपामा विवाद उत्पन्न गराएको थियो तर नेकपाका दुबै अध्यक्ष दुरदर्शी भएको कारणले विवादलाई कार्यदल मार्फत समाधान गर्नु भयो । अब नेकपाका दुबै अध्यक्षको समझदारीले सरकार र पार्टीलाई अगाडि बढाउने छ र समृद्ध नेपाल र सुखि नेपाली बनाउने छ ।

भारत र नेपालको मित्रता धेरै पहिलेदेखि नै छ । विश्वमा नेपाल कुनै देशको गुलाम भएको छैन । जब भारत बेलायतका गुलाम थिए त्यसै बेला भारतबाट बेलायत र नेपालको बीचमा पनि युद्ध भएको थियो जसको अन्त सम्झौता को रूपमा सुगौली सन्धिबाट १८१६ मा भएको हो । सुगौली सन्धि अनुसार भारत र नेपालको सीमा निर्धारण भएको हो । लिपुलेख, लिम्फियाधुरा र कालापानी त्यसै बेलादेखि नेपालको भुभाग हो भन्ने प्रष्ट छ । त्यस सन्धिको अनुसार काली नदीदेखि पश्चिमको भाग भारतको हुने र पूर्वको भाग नेपालको हो भन्ने सर्वविदितै छ । नेपाल र भारतको बीचमा भएको शान्ति सन्धिको अनुसार आवश्यक्ता अनुसार नेपाल र भारतले एक अर्काको भूमि अरु देशसँग युद्ध गर्ने बेला उपयोग गर्न सक्छ । त्यसै अनुसार १९६२ मा भारत र चीनको युद्धको बेला नेपालका ८ ठाउँ मा आफ्नो सैनिक क्याम्प राखेर युद्ध लडेको थियो । युद्ध सक्ने बितिकै अरु ठाउँबाट भारतले आफ्नो सेना फर्काएका थिए । तर लिपुलेख, कालापानी क्षेत्रबाट फर्काएका थिएन । किनभने त्यो ठाउँबाट भारतले हारेको थिएनन् ।

नेपालमा विभिन्न आन्दोलनहरुपछि नेपालका सरकारहरुसँग विभिन्न सन्धिहरु जस्तै कोशी सन्धि, गण्डक सन्धि महाकाली सन्धिहरु गराएको पाइन्छ । भारत आफ्नो स्वार्थ अनुसार नेपालको सतामा आँधै खेलिरहेको कुरा लुकेको छैन । नेपालमा विभिन्न आन्दोलनहरु गराएर आफ्नो दबदबा कायम राखेको छ । सता समीकरणकै लागि राजनीतिक दलहरुलाई संचालित गर्दै आएको छ । मन्त्री बनाउने प्रधानमन्त्री बनाउने खेलहरु दक्षिणबाट संचालन भाइरहेको सर्बबिदितै छ । त्यसकारण पहिलेका राष्ट्र प्रमुखहरु सीमा विवादबारे पनि मुख खोल्न पाइरहेको थिएन । २०७६ कार्तिकमा जब भारतले कश्मीरको लागि धारा ३७० हटाउँदा र त्यसपछि बनाएको नयाँ नक्सामा नेपाली भूभाग पनि समेटे छ । त्यस बेला नेपाल सरकारद्वारा कुटनीतिक नोट जारी भएको थियो । त्यसलाई अपहेलना गर्दै भारतले एकतर्फी बनाएको बाटोको उद्घाटन गर्दा यो विवाद सतहमा आएको हो । अहिलेको नेकपाको ओली सरकारले आफ्नो सरकार को परबाह नगरी आफ्नो मिचिएको भु-भाग फिर्ता गराउने कदम चालिएको छ । नेपालीहरुले गर्व गर्ने समय आएको मान्न सकिन्छ । आफ्नो मिचेको भू-भाग समेटेर जारी गरेको नक्साले गर्दा भारत तरंगित भएको छ ।

नेपाल पञ्चशीलको सिद्धान्त मान्ने देश हो कुनै पनि देशसँग हामी लडाइँ गर्दैनौं सबैसँग मित्रता राख्ने देश हो । हाम्रो अर्को छिमेकी चीनसँग पनि हाम्रो मित्रता प्रगाढ भइरहेको बेला अमेरिकी सहयोग कार्यक्रम एमसीसी पनि सदनबाट पास गराउनु पर्छ । जस हिसाबले करिब ६० अर्बको सहयोग भित्र्याउनु पर्छ । यसले गर्दा नेपाललाई बिकासको क्रममा आगाडि लानु पर्छ । जलविद्युतको अत्यधिक क्षमता भएको हुँदा त्यसलाई सदुपयोग गर्न एमसीसी अपरिहार्य छ । नेकपाको कार्यदलले परिमार्जनसहित एमसीसी पास गर्ने सुझाव अपरिहार्य छ ।

(लेखक नेकपा प्रदेश २ कमिटी सदस्य)



## सम्पादकीय

# कोरोनामा मधेशी दल

यस वर्ष नेपालमा विशेष गरी तीनवटा विपद् आइपरेको छ। पहिलो जनस्वास्थ्यसँग सम्बन्धित छ। गत चैतबाट नेपालमा असर पारेको कोरोना विषाणु अर्थात् कोभिड १९। यो नेपालमा मात्र होइन, विश्वभर तीव्ररूपमा फैलिने क्रम अझै रोकिने छाँट छैन। दोस्रो, मानो रोपेर मुरी फलाउने समयमा बालीनाली सखाप पार्ने सलह कीराले ल्याएको विपद्। तेस्रो विपद्, वर्षाजन्य अर्थात् मनसुन सक्रिय भएर ठूलो वर्षा हुन गई बाढी तथा पहिरोको त्रासपूर्ण अवस्था। स्वास्थ्य, कृषि र बसोवासमा परेका विपद्ले मुलुकमा बहुआयामिक समस्या आउने अनुमान सहजै गर्न सकिन्छ। पछिल्ला तथ्यांकअनुसार विभिन्न मुलुकमा कोरोना संक्रमणबाट प्रभावित हुने नागरिकको संख्या दिनप्रतिदिन घट्दो छ तर हाल नेपालमा भने संक्रमणदर बढ्दो क्रममा छ। विपदमा परेका परिवारले राहत र सहयोगको अपेक्षा गरिरहेका छन्।

मधेशमा जनतालाई एकताबद्ध गर्न सक्ने तर मानव जगतमा आइपर्ने विपद् व्यवस्थापनमा मधेशका दलले कुनै चासो दिएको पाइँदैन। विपद् व्यवस्थापन सम्बन्धी कुनै पनि क्रियाकलापमा मधेशी दलको भूमिका शून्य नै देखिन्छ। विभिन्न विपद्का कारण जीवन गुमाएका, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना पीडित परिवारजनमा गहिरो समवेदना व्यक्त गर्ने बाहेक राहत, व्यवस्थापन, प्रभाव न्यूनीकरणमा राजनीतिक दलको सक्रियता अहिले बढी खड्किएको छ। सरकारले कोभिड-१९

**मधेशी दलहरूको मुख्य कार्य नै प्रणाली निर्माण गर्ने र सुव्यवस्था स्थापित गर्ने हो। सत्तामा मात्र पुग्ने खेल होइन। आमजनता कुनै न कुनै राजनीतिक दलका मतदाता अवश्य छन्। तिनै मतदाताप्रति उत्तरदायी क्रियाकलापले नै दलहरू जनतामाझ लोकप्रिय हुनेछन्।**

संक्रमण रोक्न अपनाएको लकडाउन र निषेधाज्ञाको विरोध र उल्लंघनमा उद्यत छन् तर जोखिम न्यूनीकरणका उपाय खोज्नेतर्फ पटक्कै लागेका छैनन्। सरकारले यो गरेन त्यो गरेन भनेर आलोचनामात्रै गर्नुभन्दा महामारी एवं विभिन्न विपद्का बेला सरकारलाई सहयोग गर्न विभिन्न उपाय सिकाउनु उपयुक्त हुन्छ । गैरदलीय क्षेत्रबाट समेत विपद् प्रभावितको राहतका लागि विभिन्न अभियान सञ्चालन भइरहेका छन् तर विपद् व्यवस्थापनमा उनीहरु एकताबद्ध भएको पाइँदैन।

मधेशी दलमा केवल अराजक र अनुशासनहीन भीड जम्मा गर्ने प्रवृत्ति छ जसले गर्दा विचार, दर्शन, सिद्धान्त र कार्यक्रमका बारेमा नियन्त्रण र समन्वय गर्ने पद्धति विकास हुनसकेको छैन। अराजक, स्वेच्छाचारी, अनुशासनहीन, व्यभिचारी, दुराचारी एवं भ्रष्टाचारीलाई प्रश्रय दिने कार्यले राजनीतिक अस्थिरता हुन पुगेको यथार्थलाई दलहरूले स्वीकार गर्नैपर्दछ।

मधेशी दलमा सेवाभाव, नैतिकता, अनुशासन, सदाचार एवं सादगीपन जस्ता चरित्र, व्यवहार र सद्गुण हराउँदै गएको छ। राजनीतिक दलका उद्देश्य, विचार, सिद्धान्त, नीति र कार्यक्रम आमजनताको सर्वोपरि कल्याणमा केन्द्रित रहनुपर्ने हुन्छ।

विपद् व्यवस्थापनका लागि स्थानीयस्तरमा दलको साथ सहयोग र समन्वयको जरुरत पर्दछ। विपद्बाट धनजनको क्षति न्यूनीकरण गर्न सक्यौं भने उनीहरु जनताका लागि अनुकरणीय बन्न सक्छन्। जनतालाई सुरक्षित राख्न स्थानीयस्तरमै दलहरूको साथ र सहयोग भएमा आमजनताको जनधनको क्षति न्यूनीकरण गर्न सम्भव हुनेछ।

आमजनतामा भयरहित वातावरण सिर्जना गर्नु राजनीतिक दलहरूको दायित्व पनि हो। विपदमा परेका आमनागरिकको उद्धार र राहतमा सक्रियता देखाएमा आमजनताले दलहरूप्रति सकारात्मक सोच्नेछन्। त्यसैले दलहरूले विपदमा सबैको सहयोग लिएर एकीकृत रूपमा अघि बढ्नुपर्दछ।

मधेशी दलहरूको मुख्य कार्य नै प्रणाली निर्माण गर्ने र सुव्यवस्था स्थापित गर्ने हो। सत्तामा मात्र पुग्ने खेल होइन। आमजनता कुनै न कुनै राजनीतिक दलका मतदाता अवश्य छन्। तिनै मतदाताप्रति उत्तरदायी क्रियाकलापले नै दलहरू जनतामाझ लोकप्रिय हुनेछन्। विभिन्न विपदमा सरकार, सबै राजनीतिक दल र आमनागरिकले राजनीतिलाई साँच्चिकै मर्यादित र सम्मानित बनाउनका लागि इमानदारीपूर्वक सहकार्य गर्दै प्रभावकारी प्रयास गर्ने हो भने राजनीतिप्रति हराउँदै गएको मार्यादा र सम्मानलाई स्थापित गर्न सकिन्छ। यसका लागि हरेक राजनीतिक दलमा जनसेवाभावपूर्ण स्वच्छता एवं पारदर्शिताको आवश्यक्ता पर्दछ। तिनको मुख्य क्रियाकलाप मानवीय व्यवहारलाई परिस्कृत गर्ने हुनुपर्दछ। सत्ताको लालच मात्र नभई संयन्त्र परिचालनमा क्रियाशीलता देखाउनुपर्ने हुन्छ।

# मुखर्जीको नेपाल साइनो



**निमिष झा**

नेपालको सीमावर्ती राज्य पश्चिम बंगालमा जन्मेका र राजनीति सुरु गरेका मुखर्जीको नेपालसँग निकटको सम्बन्ध रहेको छ। मुखर्जी नेपालका असल मित्र पनि थिए। मुखर्जीको नेपालसँग विशेष सम्बन्ध थियो। उनले नेपालमा भएका कतिपय राजनीतिक घटनाक्रम देखि नेपाल भारत सम्बन्धका महत्वपूर्ण निर्णयमा भूमिका खेलेका थिए।

भारतका १३औं राष्ट्रपति प्रणव मुखर्जीको ८४ वर्षमा भदौ १५ गते निधन भएको छ। उनलाई कोभिड-१९ पनि पुष्टि भएको थियो। सन् २०१२ मा भारतका १३औं राष्ट्रपति हुनुअघि मुखर्जी सातपटक सांसद, तीन प्रधानमन्त्रीहरू इन्दिरा गान्धी, पिभी नरसिंह राव र डा. मनमोहन सिंह नेतृत्वको सरकारका अर्थ, विदेश र रक्षामन्त्री थिए। मुखर्जी अर्थमन्त्री हुँदा सिंहलाई रिजर्भ बैंक अफ इन्डियाका गभर्नर बनाएका थिए। पछि सिंहकै नेतृत्वमा मुखर्जी दोस्रो वरीयताका मन्त्री भएका थिए। भारतीय राष्ट्रिय कांग्रेसको संस्थापनले सधैं मन पराएका भए पनि उनलाई प्रधानमन्त्री हुने अवसर भने जुरेन।

प्रधानमन्त्री पद नजिकै हुँदा पनि उनलाई त्यसमा बस्ने राजनीतिक संयोग मिलेको थिएन। इन्दिरा गान्धीको हत्यापछि सन् १९८४ मा तथा सन् २००५ मा कंग्रेस तथा कम्युनिस्टसहितको एकीकृत प्रगतिशील गठबन्धन (युपिए) सरकारमा प्रधानमन्त्री हुने चर्चामा मुखर्जी थिए। इन्दिरा गान्धीको हत्यापछि प्रधानमन्त्री बन्ने वातावरण नभएपछि मुखर्जीले कंग्रेस पार्टी परित्याग गरेर सन् १९८६ मा राष्ट्रिय समाजवादी कंग्रेस पार्टी स्थापना गरेका थिए। तर, सन् १९८९ मा उनी कंग्रेस फर्किए जसको तारतम्य राजीव गान्धीले मिलाएका थिए।

राजीव गान्धीपछि पिभी नरसिंह राव प्रधानमन्त्री भएसँगै मुखर्जी सन् १९९१ मा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष भए भने सन् १९९५ मा उनी विदेशमन्त्री भए। राजीव गान्धीको हत्यापछि राजनीतिमा सोनिया गान्धीलाई ल्याउन मुखर्जीले नै भूमिका खेलेका थिए। सोनियाको राजनीतिक अभिभावकका रूपमा मुखर्जीले कंग्रेसमा भूमिका निर्वाह गरे। गान्धी अध्यक्ष हुँदा मुखर्जीले कंग्रेस महामन्त्रीको भूमिका निर्वाह गरेका थिए। कंग्रेसका अपरिहार्य व्यक्तित्वका रूपमा मुखर्जी स्थापित थिए। इन्दिरा, राजीवदेखि सोनिया गान्धीका लागि पार्टीमा रणनीतिकारका रूपमा मुखर्जी थिए। कंग्रेसमा उनी धेरैका अभिभावक थिए। मुखर्जीले आफ्नो किताब 'कोलिसन इयर्स'मा आफू राजनीतिक पार्टीहरूको सल्लाहकारजस्तो भूमिकामा सधैँजसो रहेको बताएका छन्।

सन् २००४ मा लोकसभा निर्वाचन जितेका मुखर्जी त्यसवेला कंग्रेस तथा वामपन्थी र समाजवादी दलहरूको युनाइटेड प्रोग्रेसिभ एलाइन्स (युपिए)को सरकारमा रक्षामन्त्री भए। सन् २००६ मा उनी विदेशमन्त्री भए भने सन् २००९ देखि २०१२ सम्म अर्थमन्त्री भए। त्यसपछि राष्ट्रपति भए। प्रधानमन्त्री नबनाएको क्षतिपूर्तिस्वरूप कंग्रेसले मुखर्जीलाई सन् २०१२ मा राष्ट्रपति बनाएको चर्चा भारतीय राजनीतिमा अहिले पनि भइरहेको छ। राष्ट्रपति भएसँगै कंग्रेस पार्टीको सदस्यता त्यागेका मुखर्जी कार्यकाल सकिएपछि राजनीतिक रूपमा निष्क्रिय रहे। उनी पछिल्लोपटक भारतीय जनता पार्टीको मातृ संस्था राष्ट्रिय स्वयंसेवक संघ र व्यक्तिगत रूपमा प्रधानमन्त्री नरेन्द्र मोदीसँग निकट थिए।

**नेपाल साइनो**

नेपालको सीमावर्ती राज्य पश्चिम बंगालमा जन्मेका र राजनीति सुरु गरेका मुखर्जीको नेपालसँग निकटको सम्बन्ध रहेको छ। मुखर्जी नेपालका असल मित्र पनि थिए। मुखर्जीको नेपालसँग विशेष सम्बन्ध थियो। उनले नेपालमा भएका कतिपय राजनीतिक घटनाक्रम देखि नेपाल भारत सम्बन्धका महत्वपूर्ण निर्णयमा भूमिका खेलेका थिए।

भारतका राष्ट्रपति हुँदा मुखर्जी २०७३ कात्तिक १७ देखि १९ सम्म राजकीय भ्रमणमा नेपाल आएका थिए। मुखर्जीले जनकपुर र पोखराको भ्रमण गरेका थिए। मुखर्जी नेपालका शीर्ष नेताहरूसँग निकट सम्पर्कमा थिए। पञ्चायतदेखि नै मुखर्जीसँग नेपाली नेताहरूको सम्बन्ध थियो।

मुखर्जीले नेपाल-भारत सम्बन्धका महत्वपूर्ण दस्ताबेजमा हस्ताक्षर गरेका छन्। नेपाल र भारतबीच सन् १९९६ मा भएको पारवहन तथा व्यापार सन्धिमा नेपालबाट तत्कालीन परराष्ट्रमन्त्री डा. प्रकाशचन्द्र लोहनी र भारतबाट मुखर्जीले हस्ताक्षर गरेका थिए। महाकाली सन्धिको प्रारम्भिक मस्यौदामा १५ माघ ०५२ मा लोहनी र मुखर्जीले हस्ताक्षर गरेका थिए। पूर्वपरराष्ट्रमन्त्री लोहनीसँग पछि पनि भएका पटक-पटकका भेटमा मुखर्जीले नेपालको विकासमा भारतले एक कदम अघि बढेर सहयोग गर्नुपर्ने धारणा राख्दै आएका थिए।

मुखर्जीलाई नेपालको राजनीतिक परिवर्तनमा भूमिका खेल्ने एकजना नेताका रुपमा पनि हेरिन्छ। नेपाली नेताहरुको उनीसँग सिधा सम्पर्क भएकाले उनीमार्फत् धेरै छलफलहरु हुनेगर्थ्यो। जनआन्दोलन २०६२/६३ मा पनि मुखर्जीसँग केही नेताहरु सिधा सम्पर्कमा थिए। भारतको नेपाल नीतिमा महत्वपूर्ण परिवर्तन हुनुमा उनकै भूमिका थियो।

**शब्दचित्रमा मुखर्जी: शिक्षक, पत्रकार हुँदै राष्ट्रपतिसम्म**

भारतका धेरै नागरिकले मन पराउने नेताहरुको सूचीमा अग्रपङ्क्तिमा पर्ने पूर्वराष्ट्रपति प्रणब मुखर्जीको निधनको खबरले अहिले भारतभरी शोक छाएको छ। अन्य देशका नेताहरुसँग पनि राम्रो सम्बन्ध भएकाले उनको निधनप्रति विश्वभरीबाट दु:ख व्यक्त भइरहेको छ। विभिन्न दीर्घरोगका कारण अस्वस्थ्य रहँदै आएका ८४ बर्षीय मुखर्जीलाई कोरोना सङ्क्रमण भएको पनि पुष्टि गरिएको थियो।



२०६८ कात्तिक ४ गते नेपाल र भारतबीच द्विपक्षीय लगानी प्रवर्द्धन सम्झौता (बिप्पा)मा पनि भारतबाट मुखर्जीले हस्ताक्षर गरेका थिए। नेपालबाट सम्झौतामा उद्योगमन्त्री अनिल झाले हस्ताक्षर गरेका थिए। प्रधानमन्त्री डा. बाबुराम भट्टराईको औपचारिक भारत भ्रमणका वेला बिप्पा भएको थियो।

दोस्रो जनआन्दोलनपछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला भारत भ्रमणमा जाँदा मुखर्जी विदेशमन्त्री थिए। कोइरालाको आग्रहमा नेपाली सेनाको हतियार खरिदबापत तिर्नुपर्ने पौने दुई अर्ब नेपाली रुपैयाँ भारतले मिनाहा गरेको थियो। त्यसको तारतम्य मुखर्जीले नै मिलाएका थिए। त्यसो त नेपालमा दोस्रो जनआन्दोलनपूर्व दिल्लीमा तत्कालीन सात दल र माओवादीबीच भएको १२बुँदे सम्झौतामा हस्ताक्षर हुँदा मुखर्जी विदेशमन्त्री थिए।

सन् २००७ मा तत्कालिन उपप्रधान तथा परराष्ट्रमन्त्री साहना प्रधान भारत भ्रमणमा जाँदा मुखर्जीले गरेको सम्मानको तस्बिर विश्वभर चर्चाको विषय बनेको थियो। उनले अञ्जुली भुईं नजिक झारेर प्रधानलाई बाटो देखाएका थिए। भारतका विदेश मन्त्रालयका अधिकारीहरुले मुखर्जीले निहुरेर सम्मान गर्दा आफू पनि निहुरिएका थिए। आफूभन्दा उमेर र अनुभवले माथि रहेकाप्रति मुखर्जी निकै सम्मान गर्थे। उनी फलेको वृक्ष निहुरिन्छ भन्ने उदाहरण समेत थिए। मुखर्जीको नेपालका राजनीतिक दलका नेतासँग सीधा सम्पर्क थियो। मुखर्जीलाई नेपालका नेताहरु सिधा भेट्न पुग्थे। उनी नेपालका नेताहरुप्रति आत्मीय थिए। राष्ट्रपति हुँदा पनि उनीसँग अनौपचारिक भेटघाटमा नेताहरु पुग्थे।

अस्पतालमा उपचार गरिरहँदा पनि थप गल्दै गएपछि उनी केही दिनदेखि अचेत अवस्थामा रहेका थिए। भेन्टिलेटरमा राखेर उपचार गराइरहेपनि उनको उपचार सफल नभएको उनकै छोराले जानकारी दिए।

उनका बारेमा यसअघि पनि गलत समाचार सार्वजनिक भएपछि परिवारजन र अस्पतालले पटक पटक उनी जिवितै भएको र उपचार भइरहेको स्पष्टीकरण दिनु परेको थियो। अन्तत: लामो राजनीतिक तथा सामाजिक सङ्घर्ष गरेका मुखर्जीले भदौ १५ सधैंका लागि विश्राम लिएका छन्।

उनी भारतको प्रधानमन्त्रीका लागि स्वभाविक दावेदार भएपनि प्रधानमन्त्री हुन नपाएका नेताका रुपमा चिनिन्छन्। सन् १९८४ र सन् २००४ मा उनी प्रधानमन्त्रीका लागि शसक्त दाबेदार देखिएका थिए।

भारतीय काँग्रेस पार्टीकी तत्कालीन अध्यक्ष इन्दिरा गान्धीबाट प्रशिक्षित भएकाले पनि उनलाई आफू प्रधानमन्त्री बन्छु भन्ने विश्वास हुँदाहुँदै पनि बन्न पाएका थिएनन्।

प्रधानमन्त्री बन्न नपाएको बारेमा उनले कहिल्यै पनि सार्वजनिक रुपमा असन्तुष्टि व्यक्त नगरे पनि उनकी छोरी तथा काँग्रेस नेतृ शर्मिष्टा मुखर्जीले आफ्ना बुवा भारतको प्रधानमन्त्री बन्न नपाएकोमा मनमा कता कता अन्याय अनुभव गरेको बताउने गर्थिन्।

उनी सन् २०१२ मा भारतको राष्ट्रपतिमा निर्वाचित भएपछि त झन यो असन्तुष्टि व्यक्त गर्नु अस्वभाविक नै भएकाले त्यत्तिकै दब्यो। त्यसलाई थप दबाउन राष्ट्रपतिबाट बाहिरिएपछि गत बर्ष उनलाई भारत रत्न सम्मान प्रदान गरिएको थियो।

सन् १९३५ को डिसेम्बरमा पश्चिम बङ्गालमा पर्ने मिराटी गाउँको एउटा सामान्य परिवारमा जन्मिएका मुखर्जी काँग्रेस पार्टीका नेता थिए। त्यसैले नै उनी स्वभाविक रुपमा राजनीतिमा हानिए।

युवा अवस्थादेखि नै राजनीतिमा संलग्न मुखर्जीले इतिहास र राजनीतिशास्त्रमा स्नात्तकोत्तर र कानुनमा स्नातक अध्ययन गरेका थिए।

सन् १९६९ मा ३४ वर्षको उमेरमा राज्यसभाको सदस्य बनेका थिए। तर पार्टीबाट ६ वर्ष निलम्बन पनि भोग्नु परेको थियो।

त्यसपछि पनि निरन्तर पार्टीमा सक्रिय भएपछि उनी अर्थमन्त्री, रक्षामन्त्री र परराष्ट्रमन्त्रीजस्ता महत्वपूर्ण मन्त्रालयको नेतृत्व पनि गरे। भारतको लोकसभाको सभामुखसमेत भएका मुखर्जीले अरु पनि धेरै सरकारी तथा सार्वजनिक जिम्मेवारीमा रहेर काम गरेका थिए।

अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको बोर्डमा पनि काम गरेकाले भारतमा उनलाई राम्रो अर्थविद्का रुपमा लिइन्थ्यो। त्यही पृष्ठभूमिमा उनलाई अर्थमन्त्रालयको जिम्मेबारी प्राप्त भयो। त्यसमा सफल भएपछि थप राजनीतिक यात्रा पनि राम्रो बन्दै गयो।

त्योभन्दा धेरै अगाडि उनी भारतमा शिक्षक र पत्रकारका रूपमा पनि सामाजिक क्षेत्रमा क्रियाशिल भएका थिए। उच्च शिक्षा पुरा गरेसँगै उनले स्थानीय शिक्षालयमा प्राध्यापन गरेका थिए। उनी स्थानीय बङ्गाली भाषामा प्रकाशित हुने पत्रिकाको सम्पादक पनि बनेका थिए।

उनलाई भारतमा प्रधानमन्त्री बन्ने बाहेक अन्य पर्याप्त अवसर पाएका नेताका रुपमा लिइन्छ। भद्र, सन्तुलित, समन्वयकारी र बौद्धिक व्यक्तिका रुपमा चिनिने मुखर्जीप्रति धेरै जनताको सकारात्मक धारणा रहँदै आएको थियो।

# प्रदेश २ सरकारको पूरै टिमलाई नै परिवर्तन गर्ने पक्षमा छौं

**० प्रदेश २ मा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण तीव्र गतिमा फैलिरहेको छ, नियन्त्रण तथा रोकथाममा प्रदेश सरकार वा स्थानीय तह किन सकिरहेको छैन ?**

– यो बहुत विडम्बना छ। प्रदेश २ मा स्थानीय तहको अवस्था पनि त्यस्तै छ। सुरुवाती अवस्थामा स्थानीय तहले पनि राहत वितरण गर्न, क्वारेन्टाइन बनाउन होडबाजी नै गरे। तर क्वारेन्टाइनको व्यवस्थापन पनि गर्न सकेन, राहत वितरणमा पनि पक्षपात गरे। वास्तविकरुपमा राहत वितरण गर्ने आवश्यकता अहिले छ। तर अहिले स्थानीय सरकार र प्रदेश २ को सरकार पनि मौन छ। प्रदेश २ को कमाण्डर हाम्रो मुख्यमन्त्रीज्यू हुनुहुन्छ, उहाँ कहिले नारायणी अस्पताललाई १०-२० लाख दिनुहुन्छ त कहिले विपद व्यवस्थापन समितिमा २५-५० लाख रुपैयाँ दिनुहुन्छ अनि आफ्नो दायित्व पूरा भएको बुझ्नुहुन्छ। तर त्यसको व्यवस्थापन कसरी हुन्छ, त्यो पक्षमा ध्यान दिनु हुन्न। केही पहिला अस्पतालको ढोकाबाट विरामी फर्केका थिए र पछि उसको मृत्यु भएको थियो। त्यसबाट जनतामा एकदम त्रास पैदा भयो, जनता आक्रोशमा आएर नारायणी अस्पतालमा तोडफोड पनि गरे, प्रशासनले मुद्दा पनि दर्ता गर्‍यो। अब यहाँ कोही माईबाप छैन। हाम्रो वीरगन्जका मेयर सापले दौडधुप गर्नुभयो। कोरोना नियन्त्रण गर्नका लागि उहाँ बिहानदेखि बेलुकासम्म जति सक्नुभो त्यति गर्नुभयो तर पछि उहाँ आफै संक्रमित हुनुभयो। उहाँ उपचार गराएर अलिकति सन्चो भएर आएपछि काम सुरुवात गरिरहँदा उहाँको पिताजीको निधन भयो। त्यसैले यहाँ अहिले विकराल अवस्था छ।

**० तर प्रदेशका मुख्यमन्त्रीले कोरोना नियन्त्रणमा कुनै कमी कमजोरी हुन नदिने दाबी गर्दै आउनुभएको छ नि ?**

– भाषण त जसले पनि गरिरहेका छन्। सिंहदरबारमा बसेर सम्माननीय प्रधानमन्त्रीले पनि कोरोना नियन्त्रणका लागि लाग्नुभएको छ। भाषण गर्नु र काम गर्नुमा फरक छ। त्यसको अनुभूति त जनताले गर्न पाउनुपर्‍यो नि। मिडियाबाजी मात्रै गरेर हुन्छ ? केही दिन पहिला हामीले मुख्यमन्त्रीजीलाई सल्लाह दिएका थियौं कि वीरगन्ज नेपालकै प्रमुख ट्रान्जिट प्वाइन्छ हो। यहाँ जति कडाइ गरेपनि मान्छेहरु आवतजावत गर्छ नै, त्यहींअनुरुप लाग्नुपर्‍यो भनेका थियौं। मैले सुरुवाती अवस्थामै मुख्यमन्त्रीजीलाई भनेको थिएँ कि केही पैसा निकासा गर्नुस् र कमसेकम दुईटा कोरोना अस्पताल बनाउनुस्। किनभने नारायणी अस्पताल गरीब तथा आमजनताहरुको उपचार गर्ने ठाउँ हो। अनि उहाँले भन्नुभयो कि यहाँ धेरै अस्पताल छन्। पछि आखिर त्यसको आवश्यकता महसुस भएकै हो। अहिले वीरगन्जमा कोरोनाको विरामीलाई राख्ने ठाउँ छैन।

**० तर, मुख्यमन्त्रीले संघीय सरकारको असहयोगका कारण कोरोना रोकथाम गर्न सकिरहेको छैन भन्ने गुनासो गर्नु हुन्छ नि ?**

– वास्तवमा संघीय सरकारले केही गरेकै छैन। प्रदेश सरकारले पनि नारायणी अस्पताल र विपद व्यवस्थापन समितिमा केही पैसा दिएर झारा टार्ने काम गरिरहेको छ। उहाँले दिनकै गोष्ठी, सेमिनार र नाराबाजी गरेर आफ्नो दायित्व पूरा गरेको ठान्नु हुन्छ, कोभिड नियन्त्रणमा प्रादेशिक सरकारले पनि केही गरेको छैन। अलि-अलि देखावटीरुपमा केही बजेट दिइरहेको छ। तर, व्यवस्थित ढंगले कसरी रोकथाम तथा नियन्त्रण गर्ने भन्ने देखिएको छैन। त्यसका लागि संयन्त्रहरु निर्माण गर्नुपर्‍यो नि। जिल्ला समन्वय समितिहरु छन्, त्यत्रो म्यानपावर छन्, हाम्रो सांसदहरुको भूमिका के रहन्छ ? हाम्रा सांसदहरुको भूमिकालाई यो प्रदेश २ को सरकारले पूरै न्यून गरेर पंगु बनाएर राखेको छ। हामी छटपटाएर बसिरहेका छन्। हामीलाई पनि भूमिका देउ, कोभिडविरुद्ध लड्न भूमिका देओस्। तर मुख्यमन्त्रीले सबै सांसदहरुलाई क्वारेन्टाइन गरिदिएका छन्। हामी छटपटिएर बसिरहेका छौं।

**० कोरोनासँग लड्न प्रदेश सरकारसँग स्रोतसाधन छैन कि ?**

– प्रदेश सरकारसँग स्रोतसाधन प्रशस्त मात्रामा छन् तर भिजन र सोच छैन। स्थानीय सरकारहरुले राहत वितरणको नाममा व्यापक घुसखोरी र अनियमितता गरे। त्यहींअनुसार प्रदेश सरकारले पनि त्यहीं गरिरहेको छ। यदि भिजन भएको भए प्रदेश २ मा कोरोनालाई नियन्त्रण गरेर जनतालाई सेवा दिन सक्थ्यो।

**० प्रदेश सरकारले कोरोना रोकथाम तथा नियन्त्रणका लागि यस आवमा दुई अर्बभन्दा रुपैयाँ छुट्याएको छ, ती पैसाहरु कहाँ गइरहेका छन् ?**

– बजेट मात्रै छुट्याएर हुँदैन नि। ती पैसाहरु सिडियो, अस्पताल र स्थानीय निकायलाई दुई चार करोड पठाइदिने, त्यो पैसा कहाँ खर्च भइरहेको छ, त्यसको कुनै किसिमको निगरानी नगर्ने भनेपछि त्यो रकमको सदुपयोग हुन्छ त ?

**० यो कोरोना नियन्त्रण तथा रोकथाममा प्रदेश २ को सरकार असफल भइसकेको हो ?**

– प्रदेश २ को सरकार कोरोना नियन्त्रण तथा रोकथाम गर्न पूरा असफल भइसकेको छ। आन्दोलनको गर्भबाट जन्मेको यो सरकार जनताको भावनाअनुसार जुन ढंगले आउनुपर्ने हो, त्यो ढंगले आएको छैन र आउन पनि सक्दैन।

**० आफ्नो पार्टीको प्रदेश सरकारले राम्ररी काम गर्न सकेको छैन भन्ने कुराप्रति पार्टी नेतृत्वपंक्तिको ध्यान किन पुगेन ?**

– हामी सांसदहरुले पटक-पटक मुख्यमन्त्री र मन्त्रीहरुलाई सल्लाह सुझाव दिँदै आएका छौं। तर मुख्मन्त्री र मन्त्रीहरुले अटेर गरेर बसिरहेका छन्। उहाँहरु आफ्नो सोच र भावनाअनुसार काम गरिरहनुभएको छ, जनताको भावनासँग मतलब छैन। अर्को कुरा, हाम्रै पार्टीका करिब १५-१६ जना सांसदहरु काठमाडौं गएर पार्टी नेतृत्वपंक्तिहरुलाई प्रदेश सरकारको गतिविधि र अवस्थाको बारेमा जानकारी दिएका छौं। प्रदेश २ मा सरकार परिवर्तन गर्नुपर्छ भनेर भनिसकेका छौं। यदि परिवर्तन भएन भने आगामी चुनावमा पार्टीले धेरै नै क्षति व्यहोर्नुपर्छ। अझ पनि यो सरकारको कार्यकालको आधा समय बाँकी छ। यी सबैलाई हटाएर नयाँ व्यक्तिहरुलाई मौका दिनुपर्छ। नेतृत्वपंक्तिबाट पनि हामीलाई आश्वासन दिइएको छ कि प्रदेश सरकार परिवर्तन हुन्छ। हेर्दै जाऔं।

**० तपाईंहरुले केन्द्रीय नेतृत्वलाई प्रदेश २ को सरकार परिवर्तनका लागि डेलिगेशन दिनुभएको थियो, के आश्वासन पाउनुभयो ?**

– हामी १५-१६ जना प्रदेश सांसदहरुले केन्द्रीय नेतृत्वहरुलाई सामूहिक र व्यक्तिगतरुपमा भेटेर प्रदेश २ सरकारको वस्तुस्थितिबारे जानकारी गराएका थियौं। अब नेतृत्ववर्गले के सोच बनाउँछ त्यो हेर्न बाँकी छ। हामीले नेतृत्वपंक्तिले आश्वासन दिनुभएको छ कि सरकार परिवर्तन हुन्छ। त्यसैलाई हामीले पर्खेर बसिरहेका छौं। अहिले पार्टी समायोजनको प्रक्रियामा छ र कोरोना महामारी पनि छ। त्यसले गर्दा पनि अलिकति ढिलो भइरहेको छ। प्रदेश २ मा पहिला जनता समाजवादी पार्टी त बन्नुपर्‍यो नि, त्यसपछि जसपाको सरकार बन्छ।



**प्रहलाद गिरी गोश्वामी**
प्रदेश २ सांसद, जनता समाजवादी पार्टी नेपाल

**० प्रदेश २ को मन्त्रिमण्डल नै परिवर्तन गर्नुपर्ने हो कि केही पात्रहरु मात्रै ?**

– पूरै टिमलाई नै परिवर्तन गर्ने पक्षमा हामी छौं। नेतृत्वले नयाँ टिम र अनुहार मौका दिनुपर्‍यो। यिनीहरुलाई हटाइएन भने अहंकार आउँछ। फेरिने डरले पनि आगामी अनुहारहरुले जनताको आकांक्षाअनुसार काम गर्छ। अहिलेकै पात्रहरुलाई निरन्तरता दिने अवस्था छैन।

**० अहिलेकै टिमलाई परिवर्तन गरिएन भने ?**

– अहिलेको टिमलाई परिवर्तन गरिएन भने आठ वटा जिल्लामा सीमित भएको हाम्रो पार्टी झन् खुम्चिने छ। मन्त्रीहरुले आफ्ना क्षेत्रमा करोडौं करोडको बजेट लगिरहेका छन्। हामी सत्तारुढ दलको सांसद भएपनि संसदीय कोषबाहेक पाँच पैसाको बजेट गएको छैन। यसरी सरकार चल्छ ? यसरी पार्टी स्थापित हुन्छ त ? प्रदेशका मन्त्रीहरु आफ्नो क्षेत्रभन्दा पनि आफ्नो टोलमा सीमित छन् र अधिकांश मन्त्रीहरु कमिशनखोरीमा लिप्त छन्।

# नियतिगतरुपमा गरिने विभेदका विरुद्ध मेरो संघर्ष



**राजकुमार महतो**
विश्व स्वास्थ्य संगठनका पूर्वकर्मचारी

**० तपाईं विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)अन्तर्गत बागमती प्रदेशमा प्रादेशिक स्वास्थ्य अधिकृतको रुपमा कार्यरत् हुनुहुन्थ्यो। गत आर्थिक वर्षको अन्त्यमा बागमती प्रदेशको वरिष्ठ जनस्वास्थ्य प्रमुखले अब त्यो पदको आवश्यक छैन भनेर तपाईंलाई पद मुक्त गरिएपछि विभिन्न आरोपहरु लगाउनु भएको छ। वास्तविकता के हो ?**

– बागमती प्रदेशको स्वास्थ्य क्षेत्रमा प्राविधिक सहयोग गर्ने गरी विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को तर्फबाट लगभग एक वर्षदेखि काम गर्दै आएको थिएँ। मैले सामाजिक सञ्जालमार्फत् जेजति आरोपहरु लगाएको छु त्यो एकदम सत्यतथ्य नै हो। मैले काम सुरु गरेदेखि नै बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयका सचिव तथा जनस्वास्थ्य प्रमुख र मन्त्रीको पनि मनोविज्ञान मैले बुझें कि यो मान्छे नआइदिएको भए हुन्थ्यो। उहाँहरु आफ्नै थरका वा कोही आफन्त व्यक्ति नै आएको भए हुन्थ्यो भन्ने मनोवृत्ति अन्य व्यक्तिहरुबाट थाहा पाएँ। पछि काम गर्दै जाँदा झन् म स्पष्ट नै भएँ। मलाई सुरुदेखि नै काम गर्ने वातावरण दिइएन। म जुन कामका लागि त्यहाँ गएको हुँ भने त्योसँग सम्बन्धित बैठकहरुमा सहभागी हुन दिइएन। मन्त्री र सचिवलाई भेट्न जाँदा पनि मसँग भेट्न दिइएन। कामको बारेमा भन्नुपर्दा प्रदेशको एक आर्थिक वर्षको वार्षिक प्रतिवेदन लेख्ने काम दिइयो। त्यो प्रतिवेदन तयारका गर्नका विभिन्न तथ्यांकहरु चाहिन्छ, सूचना चाहिन्छ, त्यो तथ्यांक र सूचना पनि उपलब्ध नगराउने र बाहिर अफवाह फैलाउने कि राजकुमारले जाबो एउटा प्रतिवेदन पनि लेख्न सकेन। विभिन्न कारण, बोली र व्यवहार पनि असामान्य थियो। जुन प्रकार जनस्वास्थ्य प्रमुख सतीश विष्टले मप्रतिको हेराई, बोलीका स्वरहरु एकदमै अपमानित खालका थिए। मप्रति विष्टले गर्नुभएको व्यवहार भनेर व्याख्या गर्न सक्दिन।

**० तपाईं कालो अनुहारको वा दलित भएकै कारणले यस किसिमको विभेद गरिएको हो त ?**

– हो। म बागमती प्रदेशको बासिन्दा होइन, अर्को प्रदेशका मान्छे यहाँ आएर कसरी काम गर्छ भन्ने खालका एउटा मनोवृत्ति पनि देखियो। तपाइँ जतिसुकै सक्षम वा योग्य हुनुस्, रंग र जातको आधारमा विभेद गर्ने जुन मानसिकता छ त्यो पनि एउटा कारक हो। मसँग त्यस्तो व्यवहार गर्ने अन्य कुनै कारणै छैन। मैले उहाँलाई सम्मान गरेको छु, दिएको काम पूरा गरेको छु। डब्लुएचओका अन्य कर्मचारीहरु पनि हुनुहुन्छ, अन्यसँग त्यो किसिमको दुर्व्यवहार नगर्ने, मसँग नै दुर्व्यवहार गर्नुपर्ने कारण के हुन सक्छ ?

**० तपाईं डब्लुएचओमार्फत् बागमती प्रदेशमा कर्मचारीको रुपमा कसरी प्रवेश पाउनुभयो ?**

– म खासगरी विश्व स्वास्थ्य संगठनको कर्मचारी हुँ। संघीय सरकारअन्तर्गतको स्वास्थ्य मन्त्रालयबाट अर्थ मन्त्रालय र परराष्ट्र मन्त्रालयले संयुक्त रुपमा बनाएको प्रादेशिक स्वास्थ्य अधिकृतको पद हो यो। त्यसको आधारमा डब्लुएचओले भेकेन्सी निकालेको थियो। त्यसमा मैले एप्लाई गरेर, प्रतिस्पर्धा गरेर हरेक परीक्षा पास गरेपछि म बागमती प्रदेशमा प्रादेशिक स्वास्थ्य अधिकृतको रुपमा नियुक्त भएको गएको हुँ। संघीय सरकारकै स्वास्थ्य मन्त्रालय यो पद निर्माण गरेकोले बागमती प्रदेशलाई केन्द्रबाट पत्र पठाएपछि म त्यो ठाउँमा पुगेको थिएँ। प्रदेश सरकारबाट लिखित सहमति पनि लिएको थियो संघीय सरकारले।

**० तपाईंले सम्पूर्ण विधि प्रक्रिया पूरा गरेर जसरी स्वास्थ्य अधिकृतको रुपमा पुग्नुभयो, यसरी त्यो पदलाई नै खारेज गर्ने गरी तपाईंलाई बिदा गरिएपछि तपाईंले सम्बन्धित ठाउँमा उजुरी गर्नुभएन ?**

– मलाई प्रदेश सरकारबाट त्यो पद नै खारेज गरेको पत्र आएपछि मैले सुरुमा विश्व स्वास्थ्य संगठनमै उजुरी गरें। आफ्नो सुपरभाइजर र कन्ट्री डाइरेक्टरलाई नै पहिलो पटक पत्राचार गरें। मैले सबै प्रमाणसहित मसँग यसरी-यसरी विभेद भयो, मानसिकता यातना दिइयो भनेर विस्तृतरुपमा डब्लुएचओमा जानकारी गराएको थिएँ। तर दुःखका साथ भन्नुपर्छ कि हाम्रो देशमा डब्लुएचओ पनि सरकारका अगाडि यति निरीह र विवश रहेका छन् कि उसले सहीलाई सही भन्न सकेको छैन। डब्लुएचओले एकपटक पनि मलाई एकपटक पनि सोधेन कि के भएको हो भनेर। यदि मेरै गल्ती थियो भने मलाई विभिन्न विधि र प्रक्रियामार्फत् मलाई स्पष्टकीकरण सोध्न सकिन्थ्यो, सचेत गराउन सक्थ्यो। त्यसपछि थुप्रै प्रक्रियाहरु छन्। तर, मलाई एकचोटि फोन पनि नगरीकन मलाई हटाइयो। त्यसपछि मैले डब्लुएचओमा इमेल पनि पठाएँ। डब्लुएचओका कन्ट्री डाइरेक्टर विदेशी नै हुनुहुन्छ, उहाँहरुसँग पनि भर्चुअल मिटिङ्ग भयो। त्यो मिटिङ्गमा पनि उहाँहरुबाट मप्रति एउटा सिम्पेथीको शब्द पनि निस्केन। उहाँहरुबाट कुनै पनि सकारात्मक कुरा आएन। त्यसपछि म सार्वजनिकरुपमा यो गुनासो राखेको छु। मैले मुख्यमन्त्री कार्यालय, प्रमुख सचिव, राष्ट्रिय मानवअधिकार आयोग, मधेशी आयोग, ओबीसी उत्थान समिति र नेपाल जनस्वास्थ्य संघ लगायतमा उजुरी पठाएको छु।

**० तपाईंमाथि भएका विभेद वा उत्पीडन के-के छन् त ?**

– एक वर्षसम्म काम गर्दा ममाथि भएका विभेद र उत्पीडनको फेहरिस्त लामो छ। उदाहरणका लागि मलाई वार्षिक प्रतिवेदन तयार गर्न भन्ने तर तथ्यांक वा सूचना नदिने। उल्टै बाहिर मलाई अपमानित हुने खालका प्रचार पनि गर्ने जस्ता कार्यहरु भयो। ममाथि कामको दबाब पनि दिने, बोली र व्यवहारबाट नोकर वा दासको जस्तो व्यवहार गर्ने गरिन्थ्यो। म काम गर्ने कोठामा आएर थर्काउने, तपाइँको फोन धेरै आउँछ फोन बन्द गरेर राख्नुस् भनेर थर्काउने। कतिपय सामूहिक बैठकहरुमै थर्काउने, दास जस्तो बनाएर राख्न खोज्ने र व्यवहार पनि त्यहीं किसिमको हुने। ११ महिनाको अवधिमा दुई/तीन वटा बैठकमा मात्र म सहभागी हुन पाएँ, त्यो पनि म बलजबरजस्ती गरेर। नभए मलाई बैठकहरुमा सहभागी नै हुन नदिने लगायतका थुप्रै विभेद र उत्पीडन सहेर म त्यहाँ काम गरेको थिएँ। मलाई उहाँले आफ्ना पिएमार्फत पनि सामूहिकरुपमै बेइज्जत गर्न लगाउने जस्ता थुप्रै हेला र अपमानजनक व्यवहारहरु गर्नुभएको थियो।

**० भनेपछि तपाईंलाई अपमान गरेर आफै गइहालोस् भन्ने उहाँको चाहना थियो। त्यो सफल नभएपछि त्यो पद नै खारेज गरेर तपाईंलाई हटाइयो ?**

– उहाँले मलाई त्यहाँबाट धपाउनका लागि कुनै कसर बाँकी राख्नुभएन। उहाँले लकडाउन सुरु भएको दुईपछि डब्लुएचओका काठमाडौं सुपरभाइजरहरुलाई फोन गरेर तपाइँको कर्मचारी कार्यालयमा एक मिनेट पनि बस्दैन, केही काम गर्दैन, अहिलेसम्म केही कामै गरेको छैन झुठा आरोपहरु लगाउनुभो। उहाँले हरेक प्रयास गर्नुभयो। उहाँले जति बाधा अड्चन खडा गरेपनि मैले हरेक काम गरेको छु।

**० तपाईंमाथि विभेद भएको छ भने कानूनी बाटो के देख्नुहुन्छ ?**

– विभेदका विरुद्ध हामीले विभिन्न मोर्चाहरुमा लड्नैपर्छ। यस्ता खालका विभेद भोग्ने म मात्रै होइन पनि, यसखाले थुप्रै विभेद र उत्पीडन भोग्नेहरु छन्। यस किसिमका पीडा भोग्नेहरु यसको विरुद्धमा बोल्नुपर्छ। कानूनी उपचारका लागि मैले वकिलहरुसँग पनि सल्लाह गरेको छु। अहिले निषेधाज्ञाको अवस्था छ, खुल्नासाथ कानूनी प्रक्रियामा पनि जान्छु। उहाँको विरुद्ध मुद्दा नै दिन्छु। यसकारणले पनि कानूनी प्रक्रियामा जानुपर्छ कि यदि भोली कसैले यस्तो विभेद वा उत्पीडनको शिकार हुन नपरोस्।

**० जुन पदको आवश्यकता छैन भनेर तपाईंलाई हटाइयो, त्यो वास्तवमै चाहिन्छ त ?**

– अहिलेलाई मलाई हटाउनका लागि त्यो पद नै खारेज गराएको हो। अन्य प्रदेशहरुमा त्यो पद आज पनि छ र भोली पनि रहन्छ। तर बागमती प्रदेशको पद नै खारेज गरेको छ। हुनसक्छ आगामी दिनमा आफ्ना मान्छे ल्याउनका लागि पुनः पद निर्माण गर्न सक्छ।

**० तपाईं कानूनी प्रक्रियामा जाँदा तपाईंले त्यो पदको दाबी गर्नुहुन्छ कि विभेद गर्नेलाई कारबाही हुनुपर्छ ?**

– जहाँ हामी काम गर्छौं, त्यहाँ यदि तपाइँको पीडा बुझिएन भने त्यो ठाउँमा काम गर्नुको कुनै औचित्य छैन। म कानूनी प्रक्रियामा जानुको उद्देश्य त्यो पद मात्रै पाउनका लागि होइन, त्यो खालका विभेदहरु अन्त्य होस् भन्ने चाहन्छु। त्यो मनोवृत्तिको शिकार भोलीको दिनमा अरु कोही हुन नपरोस्। मेरो लडाइँ पदका लागि होइन, मनस्थिति र मनसायविरुद्धको लडाई हो। समग्रमा भन्नुपर्दा नियतिगतरुपमा गरिने विभेदका विरुद्ध मेरो संघर्ष रहन्छ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# प्रदेशस्तरीय कोभिड-१९ सम्बन्धी प्रारम्भिक प्रतिवेदन

**पृष्ठभूमि:**
चीनको वुहान शहरमा पहिलोपल्ट सन् २०१९ डिसेम्बर ३१ मा देखिएको कोरोना भाइरस (कोभिड(१९) समकालीन समयमा आएर विश्वव्यापी महामारीको रुपमा देखा परिसकेको छ। मानव सभ्यतालाई नै चुनौती दिन तल्लीन यो भाइरसबाट समग्र विश्व प्रभावित भइरहेको वर्तमान सन्दर्भमा नेपाल पनि यसको प्रभावबाट अछुतो रहन सकेन। नेपालमा कोरोना भाइरस देखा परे लगत्तै नेपाल सरकारले विभिन्न अल्पकालीन, मध्यकालीन एवं दिर्घकालीन कदमहरु चालेको पाइन्छ।

मुलुक संघीय शासन प्रणालीमा गइसकेकोले संघ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकारहरु वर्तमान समयमा संवैधानिक व्यवस्था बमोजिम आ- आफ्नो जिम्मेवारी एवं उत्तरदायित्व निर्वाह गरिरहेको सन्दर्भमा कोरोना भाइरस जस्तो महामारी संग लड्न समेत तीनवटै सरकारले साकारात्मक कदमहरु चाल्न आवश्यक ठानी सोबमोजिम विभिन्न कार्यहरु गरेको पाइन्छ।

प्रदेश नं. २ मा समेत कोरोना भाइरस देखा परे लगत्तै प्रदेश सरकारले तत्काल तादारुकताका साथ विभिन्न निर्णयहरु गरेर त्यसको कार्यान्वयन गरेको छ। प्रदेश सरकार मातहतका विभिन्न मन्त्रालयहरु र कार्यालयहरु मार्फत कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण र उपचारको लागि विभिन्न कार्यहरु अगाडी बढाएको छ।

नीतिगत कामहरु: कानूनी व्यवस्था:
कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष (स्थापना र संचालन) नियमावली, २०७६ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको।

कोरोना भाइरस संक्रमण (कोभिड(१९) प्रभावित मजदुर, श्रमिक, गरीब तथा आर्थिक रुपमा विपन्न किसानलाई राहत वितरण (मापदण्ड तथा अनुगमन) निर्देशिका, २०७६ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको। "कोरोना भाइरसको नियन्त्रण गर्न लकडाउनका कारण कृषकमा पर्न गएको प्रतिकुल प्रभाव न्युनिकरण गर्ने राहत तथा अनुदान प्रवाह निर्देशिका, २०७६ जारी गरी कार्यान्वयनमा ल्याएको।

**अन्य नीतिगत कार्यहरु:**
माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा सबै माननीय मन्त्रीज्यूहरु सदस्य र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रमुख सचिव सदस्य सचिव रहने गरी कोरोना भाइरस रोकथाम तथा नियन्त्रण प्रदेशस्तरीय निर्देशन एवं समन्वय समिति गठन गर्ने र सो समितिलाई समग्रनियन्त्रण, निर्देशन,सुपरीवेक्षण एवं केन्द्र सरकार, अन्य प्रदेश र स्थानीय तहसँग समन्वय, राजनीतिक समन्वय परिचालन र आवश्यक सबै किसिमका निर्णयहरु गर्ने गरी जिम्मेवारी तोक्ने निर्णय भएको।

विश्व स्वास्थ्य संगठनको मिति ११ मार्च २०२० को निर्णयबाट कोभिड(१९ महामारी घोषणा गरेको निर्णय, नेपाल सरकारबाट लागू लकडाउन लगायतको निर्णयहरु एवं विश्वव्यापी प्रभाव समेतको आधारमा वर्तमान अवस्थालाई विशेष परिस्थितिको रुपमा लिई क्षेत्रगत मन्त्रालयरनिकायहरुले आवश्यकता र औचित्यताको आधारमा रोकथाम, उपचार तथा नियन्त्रणको लागि आवश्यक बस्तु तथा सेवा नियमानुसार शिघ्र खरिद गर्ने गराउने व्यवस्था मिलाउने निर्णय भएको।

कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोष (स्थापना र संचालन नियमावली), २०७६ अन्तर्गत कोष संचालक समितिको व्यवस्था गरेको।

कोरोना भाइरस (COVID-19)को सम्भावित संक्रमणको रोकथाम, नियन्त्रण र उपचारसम्बन्धी कार्यमा प्रयोग गरिने औषधी, उपकरण, उपचार सामाग्रीको आपूर्तिका लागि कोरोना भाइरस महामारीको यस परिस्थितिमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र ऐ. नियमावली २०६४ को नियम १४५ बमोजिमको प्रक्रिया अवलम्बन गर्न स्वीकृति दिने निर्णय भएको। कोरोना भाइरस (ऋइख्क्ष्म(ज्ञढ)को सम्भावित संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कार्यमा संलग्न जनशक्तिको मिति २०७७ असार मसान्तसम्मका लागि रु. २५ लाख सम्मको निःशुल्क बीमा र क्षतिपुर्ति दिने निर्णय गरी कार्यान्वयनमा ल्याएको।

प्रयोगशाला, स्वास्थ्य परीक्षण र उपचारमा प्रत्यक्ष रुपमा खटिने सबै चिकित्सक, स्वास्थ्यकर्मी तथा नर्सिङ्ग कर्मचारी लगायतका जनशक्तिहरुलाई मिति २०७६। १२।११ देखि लागु हुनेगरी जोखिम भत्ता उपलब्ध गराउने व्यवस्था गरेको।

कोरोना (कोभिड-१९) भाइरस संक्रमित विरामीको उपचारका लागि कोभिड-१९ सम्भावित संक्रमितको नमुना संकलन, उपचारका लागि कोभिड विशेष अस्पताल विकास एवं सञ्चालनमा आवश्यक पूर्वाधार निर्माण र स्वास्थ्य सामाग्री आपूर्तिमा सहयोग तथा स्वास्थ्यकर्मी र चिकित्सक जनशक्ति परिचालन गर्न नेपाली सेनाबाट सहयोग लिन नीतिगत पहल गरेको।

कोरोना भाइरस (अयखक्ष्म(ज्ञढ) संक्रमण रोकथाम, नियन्त्रण र उपचारसँग सम्बन्धित विषयहरु स्वीकृत गर्ने विषयको सामाजिक विकास मन्त्रालयको प्रस्तावमा प्रस्तावमा लेखिएबमोजिम गर्ने।

कोरोना भाइरस (कोभिड-१९) संक्रमण प्रभावित मजदुर, श्रमिक, गरीब तथा आर्थिक रुपमा विभिन्न किसानलाई राहत वितरण (मापदण्ड तथा अनुगमन) निर्देशिका, २०७६ को (पहिलो संशोधन, २०७७) स्वीकृत गर्ने।

जलेघर अस्पताल महोत्तरी, पोखरीया अस्पताल पर्सा, भारदह अस्पताल सप्तरी र डुमरिया स्वास्थ्य केन्द्र धनुषालाईस्तर वृद्धि गरी ५० शैय्या क्षमताको बनाउने साथै कलैया अस्पताल, बारालाई आइसीयु बेड सहितको पूर्वाधार विकास गरी संचालनमा ल्याउने गरी निर्णय भएको।

कोरोना भाइसको नियन्त्रण, रोकथाम तथा उपचार कार्यमा संलग्न निजामती वा अन्य कर्मचारी, सरकारी, गैर सरकारी वा निजी क्षेत्रका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, एम्बुलेन्स चालक, सहयोगी, स्वच्छकर्मी वा अन्य कर्मचारी वा पदाधिकारीको कोरोना भाइरसका कारण मृत्यु भएमा निजको परिवारलाई प्रदेश सरकारको तर्फबाट निजले राष्ट्र वा जनतालाई पुर्याएको सेवाको कदर स्वरुप एकमुष्ट रु. ५० लाख प्रदान गर्ने निर्णय भएको।

**स्रोत व्यवस्थापन सम्बन्धी कामहरु:**
कोरोना भाइरस संक्रमण रोकथाम, उपचार तथा नियन्त्रण कोषमा प्रदेश सरकारको तर्फबाट रु. २५ करोड रकम जम्मा गर्ने।

कोरोना भाइरस (कोभिड-१९) संक्रमण नियन्त्रणका लागि जारी देशव्यापी लकडाउन लगायतका कारण दैनिक उपभोग खाद्यान्न जुटाउन असमर्थ मजदुर, श्रमिक, गरीब तथा आर्थिक रुपमा विपन्न किसानलाई राहत प्याकेज उपलब्ध गराउन प्रत्येक महानगरपालिकालाई रु. २५ लाख, पमहानगरपालिकालाई रु. २० लाख, नगरपालिकालाई रु. १५ लाख र गाउँपालिकालाई रु. १० लाख रकम आर्थिक मामिला तथा योजना मन्त्रालयबाट उपलब्ध गराउने।

कोरोना भाइरस (COVID-19) सम्बन्धी क्वारेन्टाइन संचालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६ बमोजिम आवश्यक पूर्वाधार व्यवस्थापन, क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको खाना खाजाको व्यवस्थापन लगायत कार्यका लागि आवश्यक रकम नेपाली सेनाका सम्बन्धित कार्यालयलाई उपलब्ध गराउने।

संक्रामक महामारी कोरोना भाइरस नियन्त्रण गर्न मुलुकमा लकडाउन गरिएका कारण साना किसानरफर्मलाई परेको प्रतिकुल प्रभावबाटसंरक्षण गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको विनियोजित बजेट एवं आर्थिक मामिला तथा योजना मन्त्रालय समेतबाट रु. छत्तिस करोडको राहत तथा ब्याज अनुदान कार्यक्रम स्वीकृत गरेको।

कारागारका कैदीबन्दीहरुमा कोभिड-१९ को संक्रमण जोखिम न्यूनिकरणका लागि कारागार कार्यालयलाई रु. २०/२० लाखको दरले बजेट रकम उपलब्ध गराउने विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा आवश्यक मार्गदर्शन तयारपारी सोहीबमोजिम कार्यान्वयन गर्नेगरी प्रस्तावमा लेखिएबमोजिम गर्ने।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको यस प्रदेशमा खटिएका सुरक्षाकर्मीहरुलाई अत्यावश्यक स्वास्थ्य सुरक्षा सामाग्री उपलब्ध गराउने तथा विपद् व्यवस्थापन कोषमा रकम उपलब्ध गराउने विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा आवश्यक मार्गदर्शन तयारपारी सोहीबमोजिम कार्यान्वयन गर्नेगरी प्रस्तावमा लेखिएबमोजिम गर्ने।

कोभिड-१९ रोकथाम, उपचार तथा नियन्त्रणको सामाचार संकलन, सम्प्रेषण तथा प्रसारणमा संलग्न सञ्चारकर्मीहरुको मृत्यु हुँदा मृतक परिवारलाई रकम उपलब्ध गराउने विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा प्रस्तावमा लेखिएबमोजिम गर्ने।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका आठवटै जिल्लाका घरेलु तथा साना उद्योग कार्यालयहरुलाई संशोधित निर्देशिकामा उल्लेख भए बमोजिमको खाद्यान्न खरिद गर्न प्रत्येक जिल्लालाई रु. २ करोडका दरले जम्मा १६ करोड रकम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आ.व. २०७६।०७७ का लागि बिनियोजन भएको विभिन्न बजेट शिर्षकबाट खर्च हुन नसक्ने रकमको रकमान्तर गरी पठाउने तथा पठाइएको रकम अपुग हुन गएमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको समन्वयमा थप रकमको व्यवस्था गर्ने निर्णय भएको।

सामाजिक विकास मन्त्रलाय अन्तर्गत विभिन्न कार्यालयहरुबाट कोरोना भाइरस (ऋइख्क्ष्म(ज्ञढ) को संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि पि.सि.आर. मेसिन तथा भेन्टिलेटर लगायत आवश्यक औजार उपकरण तथा स्वास्थ्य सामाग्री खरिदका साथै ICU वेड सहितको पूर्वाधार विकास गरी संचालनमा ल्याउन सामाजिक विकास मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने र सोका लागि रु.६८,१८,८८,२५०।- (अक्षरुपी अड्सठी करोड अठार लाख अठ्ठासी हजार दुइ सय पच्चास मात्र) आर्थिक मामिला तथा योजना मन्त्रालयले निकासा दिने गरी निर्णय भएको।

नारायणी अस्पताल विरगंजलाई कोरोना भाइरस विशेष अस्पतालको रुपमा नेपाल सरकारबाट तोकिसकेको र उक्त अस्पतालले खासगरी बारा, पर्सा र रौतहटका बिरामीहरुको सेवा प्रदान गर्ने भएकोले कोराना भाइरसको संक्रमण रोकथाम नियन्त्रन तथा उपचारका लागि आवश्यक जनशक्ति व्यवस्थापन र स्वास्थ्य सामग्री तथा औषधि उपकरण खरिद गर्नका लागि नारायणी अस्पताल, बिरगंजलाई रु.५०,००,०००।- (अक्षरुपी पच्चास लाख मात्र) प्रदेश सरकारले उपलब्ध गराउने र सो रकम आर्थिक मामिला तथा योजना मन्त्रलायले निकासा दिने गरी निर्णय भएको।

कोरोना भाइरस को संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि आवश्यक स्वास्थ्य सामाग्री तथा औषधी उपकरण खरिद गर्नका लागि गजेन्द्रनारायण सिंह सगरमाथा अस्पताललाईरु. १० लाख प्रदेश सरकारले उपलब्ध गराउने निर्णय भएको।

**संचरनागत व्यवस्था:**
प्रदेश सरकारको मन्त्रिपरिषद्को २०७६ चैत्र १३ गतेको निर्णयबाट कोरोना भाइर रोकथाम तथा नियन्त्रण प्रदेशस्तरीय निर्देशन एवं समन्वय समिति गठन भएको।

२०७६ चैत्र १३ गते पहिलो बैठकबाट श्रीमान् प्रमुख सचिवज्यूको संयोजकत्वमा कोरोना भाईरस रोकथाम तथा नियन्त्रण कार्यान्वयन सहजीकरण समिति गठन भएको।

कोरोना भाईरस संक्रमण रोकथाम उपचार तथा नियन्त्रण कोष स्थापना गर्ने निर्णय भएको।

मिति २०७६ चैत्र २० गते बसेको बैठकबाट कोरोना भाईरस संक्रमण तथा उपचार नियन्त्रण प्रदेश सरकारलाई प्राविधिक सल्लाह सुझाव प्रदानका लागि Health Export Advising Committee गठन भएको।

मिति २०७७ बैशाख २ गते बसेको कोरोना भाईरस संक्रमण रोकथाम तथा नियन्त्रण समितिको बैठकबाट प्रदेशस्तरीय निर्देशन तथा समन्वय समिति र Provincial Crisis Management Center को संयुक्त प्रदेशस्तरीय काइसिस म्यानजमेन्ट सेन्टर अन्तर्गत प्रमुख सचिवको नेतृत्वमा आन्तरिक मामिला तथा कानून मन्त्रालय तथा सामाजिक विकास मन्त्रालयका सचिव रहने गरी एक Rapid Response Team गठन भएको।

कोरोना भाईरस रोकथाम तथा नियन्त्रण कार्यान्वयन सहजीकरण समितिको मिति २०७६ चैत्र १६ गतेको बैठकबाट सूचना संकलन, विशलेषण र सोही अनुरुपको तत्काल कार्यबाही बढाउने र नियमित अनुगमन तथा प्रतिवेदन प्रणालीलाई मजबुत बनाउन देहाय बमोजिमको आन्तनिकाय टास्क फोर्स गठन गर्ने निर्णय भएको।

कोरोना भाइरसको जोखिम रोकथाम तथा नियन्त्रणका सम्बन्धमा विभिन्न मन्त्रालयहरुबाकट भएका कार्यक्रमहरुको विवरणभूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय।

कोभिड-१९ सम्बन्धि चेतनामुलक सन्देशको उत्पादन (श्रव्य, श्रव्यदृष्य, सूचना) गरी एफ.एम.स्थानिय टेलिभिजन तथा प्रिन्ट मिडियाबाट प्रशारणरप्रसार गर्नुका साथै सामजिक संजालबाट शेयर गरएको।

कोरोना भाइरसको नियन्त्रण गर्न लकडाउनका कारण कृषकमा पर्न गएको प्रतिकुल प्रभाव न्यूनीकरण गर्ने साना कृषकलाई लक्षीत गरी राहत तथा व्याज अनुदान उपलब्ध गराउन मन्त्रालयको श्रोत र थप रकम सहित रु.३६ करोड व्यवस्था गरी सो कार्यान्वयन गर्न कोरोना भाइरसको नियन्त्रण गर्न लकड़ाउनका कारण कृषकमा पर्न गएको प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने राहत तथा अनुदान प्रवाह निर्देशिका, २०७६ मन्त्रिपरिषद्बाट स्वीकृत भएको।

प्रदेश विनियोजन ऐन, २०७६ को दफा ८ बमोजिम प्रदेश मन्त्रालयको बजेट सूचना प्रणालीमा राख्न आवश्यक भएकोले राहत कार्यक्रम यथाशिघ्र संचालन गर्न ए्ःयक्ष्व मा प्रविष्टि गरी सम्बन्धित कार्यालयहरुलाई अख्तियारी प्रदान गरीएको छ।

विश्व व्यापी कोरोना महामारीको कारण जारी लकडाउनको कारण कृषि क्षेत्रमा प्रतिकूल प्रभाव परेको र महामारीको बिकट घरीमा मुलुकको आर्थिक मेरुदण्ड जोगाइ राख्न कृषि क्षेत्रलाई नै आर्थिक विकासको आधार रहेकोले उत्पाखन निरन्तरताको लागि कृषि क्षेत्रमा लगानी विस्तार गर्ने आवश्यकता रहेकोले विषय महसुश गरी प्रदेश सरकारबाट पिन कृषि कार्य तथा बाली वस्तु उत्पादन कार्यमा कृषकलाई पुनः स्थापना गर्ने उदेश्यले राहत तथा व्याज अनुदान कार्यक्रम संचालनका लागि (संघीय सरकार) अर्थ मन्त्रालयको सहमती मिति २०७७।०१।१६ बाट पनि रोक्का रहेको विभिन्न ख.उ.शि.नं.हरु मध्ये २२५२२ कृषि विकास कार्यक्रम खर्च शिर्षकको रोक्का फुकुवा भएकोले कृषि विकास कार्यक्रम संचालन गर्न विनियोजित बजेटको रोक्का फुकुवा गरिनु आवश्यक भएकोले आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं.२ लाई पत्राचार गरेको।

राहत तथा ब्याज अनुदान कार्यक्रम संचालनका लागि सूचना प्रकाशन गरि आवेदन संकलन गरेको।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय।**
यस प्रदेश अन्तर्गतका ८ वटै जिल्लाका २४ वटा एफ.एम. रेडियोहरु मार्फत कोभिड-१९ बाट हुने जोखिम रोकथाम तथा नियन्त्रण र कालोबजारी नियन्त्रणका लागि सचेतनामूलक सन्देश संप्रेषण।

सामाजिक सञ्जाल, अनलाईन मिडिया मार्फत समेत कोभिड-१९ वाट हुने जोखिम रोकथाम तथा नियन्त्रणका लागि सचेतनामूलक सन्देश, अन्तर्वार्ता तथा सूचना संप्रेषण। कोभिड(१९ को फैलिरहेको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि देशमा जारी लकडाउनका कारण प्रभावित गरिव, किसान, मजदुर एवं श्रमिकलाई राहत वितरण गर्ने उद्देश्यले प्रथम चरणमा यस प्रदेशका प्रत्येक गाउँपालिकालाई रु.१० लाख, नगरपालिकालाई रु.१५ लाख, उपमहानगरपालिकालाई रु.२० लाख र महानगरपालिकालाई रु.२५ लाखका दरले रकम उपलब्ध गराईएको।

कोभिड-१९ को फैलिरहेको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि देशमा जारी लकडाउनका कारण प्रभावित गरिव, किसान, मजदुर एवं श्रमिकलाई राहत वितरण गर्ने उद्देश्यले दोश्रो चरणमा यस प्रदेश अन्तर्गतका सबै जिल्लाका घरेलु तथा साना उद्योग कार्यालयहरु मार्फत प्रत्येक बडाका लक्षित समूहका लागि राहत सामाग्री वितरण गर्न रकम उपलब्ध गराईएको।

**आर्थिक मामिला तथा योजना मन्त्रालय।**
प्रदेश सरकार (म.प.) को निर्णय अनुसार कोरोना भाइरसका संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष (स्थापना र संचालन) नियमावली, २०७६ तर्जुमा गरी सो कोषमा रु.२५ करोड निकासाररकमान्तर गरेको।

कोरोना भाइरस संक्रमण प्रभावित मजदुर, श्रमिक, गरीव तथा आर्थिक रुपमा विपन्न किसानलाई राहत वितरण (मापदण्ड तथा अनुगमन) निर्देशिका, २०७६ को मस्यौदा तयारीमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसंग समन्वय गरेको।

## मधेश अपडेट

### पुजारीको हत्या गरिएको स्थानमा मन्दिर तथा मठ निर्माण गर्नका लागि शिलान्यास

रौतहट। गोली हानेर पुजारीको हत्या गरिएको स्थानमा मन्दिर तथा मठ निर्माण गर्नका लागि शिलान्यास गरिएको छ। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता तथा सांसद प्रभु साहले गरेको घोषणा बमोजिम रौतहटको माधव नारायण नगरपालिकाको खेसरहियामा हनुमान मन्दिर तथा मठ निर्माणका लागि शिलान्यास गरिएको हो। सांसद साहले आइतबार मात्रै उक्त स्थानमा मन्दिर र मठ निर्माण गर्ने घोषणा गरेका थिए। सांसद साहको पहलमा निर्माण हुने उक्त मन्दिरको शिलान्यास मौलापुर नगरपालिकाकी प्रमुख रीनाकुमारी साह, माधवनारायण नगरपालिकाकी उप-प्रमुख सिमलदेवी साह र देवाही गोनाही नगरपालिकाकी उपमेयर परनिया देवी पटेलले संयुक्त रुपमा गरेकी हुन्। सन्तको जीवन बिताइरहेका पुजारीको हत्याले आफुलाई मात्र नभइ समग्र समाजलाई दुखी बनाएको बताउदै मौलापुर नगरपालिकाकी प्रमुख रीना कुमारी साहले पुजारीको सम्मानमा मठ र मन्दिर निर्माण गर्न लागिएको जीकिर गरिन्। उनले बजारको रुपमा विस्तार भईरहेको खेसरहियामा सामाजिक सद्भाव भड्काएर विकास रोक्न खोजिएको आरोप लगाईन्। माधवनारायण नगरपालिकाकी उपप्रमुख सिमल देवी साहले निस्वार्थ सामाजिक कार्यमा लागेको पुजारीको हत्याले सामाजिक कार्यप्रति लाग्ने व्यक्तिलाई निरुत्साहित गर्ने भएकोले यस्ता कार्य दोहोरिन नदिन प्रशासनको ध्यानाकर्षण गराइन। देवाही गोनाही नगरपालिकाकी उपप्रमुख परनिया देवी पटेल मन्दिर निर्माणले पुजारीप्रति सम्मान स्थापित हुनुका साथै खेसरहिया बजारमा धार्मिक पर्यटन पनि बढने विश्वास व्यक्त गरिन्। मन्दिर शिलान्यास भएको स्थानमा भदौ ३ गते बेलुका खाना खाइरहेको बेला कन्चटमा गोली हानेर पुजारी श्रीराम साहको हत्या गरिएको थियो। शिलान्यास कार्यक्रममा सहभागी हुन पुगेका रौतहटका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले उक्त स्थानमा प्रहरी चौकी निर्माण गर्ने घोषणा गरेका छन्। सांसद साहको मागबमोजिम उक्त स्थानमा आजैबाट प्रहरी रहने प्रजिअ यादवले जानकारी गराए।

### स्रोत साधनको दुरूपयोग नगर्न निर्देशन

जनकपुरधाम। प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले कोरोना महामारी नियन्त्रणको लागि प्रदेश सरकारले जिल्लाहरुमा उपलब्ध गराएको स्रोत साधनलाई इमान्दारिताका साथ सदुपयोग गर्न सरोकारवाला निकायहरुलाई निर्देशन दिएका छन्। महामारी नियन्त्रणको लागि आवश्यक सल्लाह सुझाव लिन सिरहाको लहानमा आयोजित सिरहा र सप्तरीका सरोकारवालाहरुसँगको छलफलमा मुख्यमन्त्री राउतले सो निर्देशन दिएका हुन्। मुख्यमन्त्री राउतले भने,'महामारी नियन्त्रणका लागि प्रदेश सरकारले सबै जिल्लालाई स्वास्थ्य सामग्री सहितका आवश्यक रकम समेत पठाई सकेको छ, अगामी दिनमा समेत कुनै कमी हुन दिइने छैन।' उनले विगतमा पठाइएको रकमहरु जिम्मेवार व्यक्तिले सदुपयोग गर्न नसकेका कारण समस्याहरुको देखिएको हुँदा अगामी दिनमा त्यसो नगर्न आग्रह गरे। उनले सबै जिल्लामा पीसीआर ल्याब सहितको अन्य सुविधाहरु एक महिना भित्रै परिपूर्ति हुने आश्वासन समेत दिए। कार्यक्रममा सामाजिक विकास मन्त्री नवल किशोर साहले कोरोना महामारी नियन्त्रणको लागि परीक्षण र उपचारका साथै जनचेतना फैलाउनु समेत आवश्यक रहेको उल्लेख गरे।

### वीरगञ्जमा पनि प्लाज्मा थेरापीबाट उपचार

वीरगञ्ज। वीरगञ्जमा पनि प्लाज्मा थेरापीबाट कोरोना संक्रमितको उपचार सुरु भएको छ। नारायणी अस्पतालमा एक कोरोना संक्रमितको उपचार प्लाज्मा थेरापीबाट सुरु गरिएको अस्पतालका डाक्टर उदय नारायण सिंहले जानकारी दिए। झण्डै एक महिनाको प्रयासपछि वीरगञ्जमा पनि प्लाज्मा थेरापीबाट संक्रमितको उपचार गर्न सफल भएको डाक्टर सिंहले बताए। अस्पतालमा भर्ना भएका सर्लाहीका एक जनामा आइतबार कोरोना संक्रमण पुष्टि भएको थियो। निमोनिया समेत देखिएका ती पुरुषलाई नारायणी अस्पतालको आइसियुमा राखेर प्लाजमा थेरापीबाट उपचार गरिएको हो। नारायणी अस्पतालका स्टोर प्रमुख दामोदर अधिकारीले थेरापीको लागि प्लाज्मा दिएका थिए। प्लाज्मा चढाइएका बिरामीको अवस्था अहिले क्रिटिकल रहे पनि सुधारको लागि चिकित्सकहरुले निरन्तर प्रयास जारी राखेको डाक्टर सिंहले बताए।

### तास खेलिरहेका १२ जना पक्राउ

मोरङ। कानेपोखरी गाउँपालिका-७ चालिसबिघेस्थित किशोर लुईटेलको घरमा तास खेलीरहेका १२ जनालाई प्रहरीले पक्राउ गरेको छ। उनीहरूबाट नगद २ लाख ८९ हजार ५ सय ३१ रुपैयाँ र ४ बुक तास बरामद भएको छ। पक्राउ पर्नेहरुमा बेलबारी नगरपालिका-१ बस्ने ३६ वर्षीय बिमल गुरुङ, सोही नगरपालिका-३ बस्ने ३७ वर्षीय कृष्ण लिम्बु, सोही नगरपालिका-११ बस्ने २८ वर्षीय श्याम लिम्बु तथा ५२ वर्षीय चन्द्र लिम्बु, लेटाङ नगरपालिका-५ बस्ने ३१ वर्षीय समिर तामाङ, झापा बिर्तामोड नगरपालिका-३ बस्ने ३२ वर्षीय लक्ष्मी कुमार तामाङ, सोही नगरपालिका-५ बस्ने २७ वर्षीय संञ्जिव घतानी, झापा हल्दिवारी गाउँपालिका-५ बस्ने ३६ वर्षीय तारा कुमार जोगी, बुद्धशान्ति गाउँपालिका-४ बस्ने ३८ वर्षीय मनिस लिम्बु, सुनसरी धरान उपमहानगरपालिका-१६ बस्ने ३९ वर्षीय रुपजंग लिम्बू, सोही उपमहानगरपालिका-३ बस्ने २९ वर्षीय किरण उदास र ईटहरी उपमहानगरपालिका-२० बस्ने २४ वर्षीय राजन पौडेल रहेका छन्। उक्त स्थानमा लुकिछिपी जुवा खेलिरहेको भन्ने सूचना प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय पथरीबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो।

### ज्यान मार्ने मुद्दाका फरार व्यक्ति पक्राउ

कैलाली। ज्यान मार्ने उद्योग मुद्दाका फरार जानकी गाउँपालीका-१ बस्ने ३३ वर्षीय धन शाहीलाई आफ्नै घरमा लुकिछिपी बसेको अवस्थामा प्रहरीले पक्राउ गरेको छ। जानकी गाउँपालिका-१ बस्ने धन बहादुर चौधरीलाई सोही ठाउँस्थित दुर्गौलीतर्फ जाने बाटोमा होली पर्वको कार्यक्रम हेर्न गईरहेको समयमा केही व्यक्तिहरुले खुकुरी प्रहार गरी गम्भीर घाइते बनाएको घटनामा संलग्न शाहीलाई जिल्ला अदालतको २०७१ जेठ २७ गतेको फैसलाले ५ वर्ष कैद ठहर भएको थियो। घटनास्थलबाटै भागी फरार रहेका शाहीलाई ईलाका प्रहरी कार्यालय टिकापुरबाट खटिएको प्रहरीले पक्राउ गरी आवश्यक कारबाहीका लागि कैलाली जिल्ला अदालतमा पेश गरिएको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ।

### १ सय ४६ केजी लागूऔषध गाँजासहित पक्राउ

मोरङ। बिराटनगर महानगरपालिका-१७ स्थित सडकबाट करिब १ सय ४६ केजी लागूऔषध गाँजासहित को.२ त ६०५७ नम्बरको ट्र्याक्टर चालक सुनसरी गढी गाउँपालिका-३ बस्ने ३४ वर्षीय सुरेश कुमार मेहता पक्राउ परेका छन्। नेपालबाट भारततर्फ जाँदै गरेको उक्त ट्र्याक्टर जाँच गर्दा ट्र्याक्टरको ट्रलीमा फल्सबटम बनाई प्लास्टिकमा प्याक गरी लुकाई राखेको उक्त परिमाणको लागूऔषध सशस्त्र प्रहरी बल नेपाल राजस्व तथा भन्सार सुरक्षा बेश रानीबाट खटिएको प्रहरीले फेला पारी नियन्त्रणमा लिएको थियो। बरामद लागूऔषध र ट्याक्टर सहित मेहतालाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि उक्त सुरक्षा वेसले ईलाका प्रहरी कार्यालय रानीमा बुझाएपछि प्रहरीले अनुसन्धान शुरू गरेको छ।

### करेन्ट लागेर युवकको मृत्यु

बाँके। राप्तीसोनारी गाउँपालिका-२ महेन्द्रपुर बस्ने २१ वर्षीय तिलक थारुको करेन्ट लागेर सोमबार मृत्यु भएको छ। सोही ठाउँस्थित धानखेतमा जंगली बँदेलबाट धान जोगाउन ३ जना स्थानीयले तारबार गरी छोडेको करेन्ट लाग्दा थारुको घटनास्थलमै मृत्यु भएको हो। यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### घूससहित वडाध्यक्ष पक्राउ

रुपन्देही। रोहिणी गाउँपालिका वडा नं. २ का वडाध्यक्ष सरोजकुमार पाण्डेय घूससहित पक्राउ परेका छन्। उनलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलको टोलीले बिहीबार नियन्त्रणमा लिएको हो। सेवाग्राहीसँग २० हजार रुपैयाँ घूस लिएको प्रमाण फेला परेपछि नियन्त्रणमा लिएको हो। पाण्डेयले सेवाग्राहीलाई सहकारीबाट अनुदान रकम उपलब्ध गराउनका लागि सहजीकरण गरिदिएको भनेर घूस लिएको अख्तियारको उक्त कार्यालयले जनाएको छ। यस बारेमा थप अनुसन्धान र छानबिन जारी रहेको जनाइएको छ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# श्रम शोषणमा परेका मिडियाकर्मीको हकमा आमरण अनसन समेतको निर्णायक आन्दोलन घोषणा

महामहिम राष्ट्रपति, सम्माननीय प्रधानमन्त्री, संसद्‌मा प्रमुख प्रतिपक्षी दलका नेता, सूचना तथा सञ्चार मन्त्रालय, श्रम मन्त्रालय, सूचना तथा प्रसारण विभाग, श्रम विभाग, न्यूनतम परिश्रमिक निर्धारण समितिका अध्यक्ष तथा पूर्व अध्यक्ष ज्यूहरू, नेपाल पत्रकार महासंघका अध्यक्ष तथा पूर्व अध्यक्षज्यूहरू, प्रेस काउन्सिल नेपालका अध्यक्ष तथा पूर्व अध्यक्ष ज्यूहरू, सञ्चारमाध्यम तथा सञ्चारकर्मीका प्रतिनिधिमूलक संघसंस्थाका अध्यक्ष ज्यू तथा आम सञ्चार, कानुन व्यवसाय, मानव अधिकार तथा विभिन्न सरोकारवाला संघ संस्था तथा व्यक्तिहरुमा हार्दिक अभिनन्दन गर्दछु ।

कारोबार दैनिकमा पत्रकार तथा कर्मचारीहरूका मिचिएका, खोसिएका र पाउनु पर्ने अधिकारका लागि आन्दोलनको नेतृत्व लिने (अगुवा बन्ने) कार्यको पछाडि नेपाल पत्रकार महासंघको आगामी केन्द्रीय समितिको कुनै पनि पदमा चुनाव लड्ने मनसाय नरहेको र चुनाव नलड्ने घोषणा यसै विज्ञप्तिमार्फत गर्दछु ।

गैरआवासीय नेपाली संघका पूर्व अध्यक्ष तथा टिबिआई होल्डिङ्सका संस्थापक श्री भवन भट्टको लगानीमा स्थापित कारोबार दैनिकले स्थापनाको ११ वर्ष पूरा गर्नै लाग्दा पनि संस्थागत व्यवहार र प्रचलित कानूनको परिपालनामा चुक्दै गएको तथा अधिकारका विषयमा आवाज उठाउने श्रमजीवी पत्रकार तथा कर्मचारीमाथि प्रतिशोधात्मक व्यवहार गर्दै आएको सर्वविदितै छ । यसका कारण कानूनले दिएको सामूहिक सौदाबाजीको अधिकार प्रयोग गर्दै यस प्रतिष्ठानमा कार्यरत एक पत्रकार, कारोबार पत्रकार तथा कर्मचारीहरूको विश्वास तथा समर्थनमा गठित, कारोबार दैनिकको व्यवस्थापकबाट व्यावहारिक रूपमा अनुमोदित, श्रम विभागबाट औपचारिक रूपमा दर्ता नभइसकेको नेपाल पत्रकार महासंघ बाहेकको एक ट्रेड युनियन **‘कारोबार पत्रकार तथा कर्मचारी संघ’**को संयोजक र जनकपुर उपमहानगरपालिका वडा नं. १० स्थायी घर भई हाल ललितपुर महानगरपालिका वडा नं. ९ च्यासल बस्ने आम नागरिकको तर्फबाट समेत सबैमा पुन: भावपूर्ण अभिवादन गर्न चाहन्छु ।

यस्तो बेला किन आन्दोलन ? भन्ने प्रश्न पनि तपाईँहरुमा आउन सक्छ । यसको उत्तर निकै लामो हुने भएकाले दुई तीन पेजमा अटाउन सक्दैन । तैपनि छोटकरीमा प्रष्ट पार्न चाहन्छु । कोरोनाका कारण को मर्ने को बाँच्ने ठेगान नभइरहेको अवस्था बारे म र कारोबारका पत्रकार तथा कर्मचारी भलिभाँती जानकार छौं । यस्तो अवस्थामा आन्दोलका कार्यक्रम गर्नु उचित हैन । तर, **यस्तो महामारीको अवस्थामा पत्रकार तथा कर्मचारीलाई जागिरबाट वर्खास्त गर्ने, तलब रोक्ने, पत्रकारले लेखेको समाचार नछाप्ने र हप्तैपिच्छे नयाँ नयाँ नियम बनाएर लाद्न खोज्ने जस्ता गतिविधि कारोबारका सम्पादक, प्रशासक र प्रकाशकले गर्न थालेपछि चुप लागेर बस्नु पनि अपराध ठानेर यसको प्रतिवाद स्वरुप शान्तिपूर्ण आन्दोलनको घोषणा गर्नु परेको हो । कोरोनाले भन्दा भोकमरीले र जिम्मेवार अधिकारीले दिएको मानसिक तनावका कारण पत्रकार तथा कर्मचारीको जीवन यापन प्रभावित भएको, पारिवारिक र सामाजिक सम्बन्ध तथा व्यवहार समेतमा गहिरो असर गरेको स्पष्ट पार्न चाहन्छौं ।**

सत्यको खोजी र तिनको प्रा[illegible] क्रियाशील रहने पत्रकारिता पेशाले सिकाएको विभिन्न बुझाइहरू मध्ये एक सत्यको परीक्षण गर्नु पर्ने बिन्दुमा म उभिएको छु । मेरो बुझाइमा कारोबार दैनिकका अधिकांश व्यवस्थापन पक्षको बुझाई पनि मेरो सत्यसँग मिल्दछ । तर, सत्य स्वीकार गर्न सक्ने साहस मूल व्यवस्थापकलाई हुन सकिरहेको छैन । कोरोना भाइरसको विश्व महामारीको आडमा आफूले गरेको गल्ती, कमजोरी लुकाउने र कारोबारकर्मीहरूमाथि दोष थोपरी असत्यलाई स्थापित गराउने छलछाममा व्यवस्थापन पक्ष लागेको व्यवहारबाट प्रष्टिन्छ । कोरोना अब मानव समाजको दैनिक जीवनको हिस्सा भइसकेको छ । ढिलोचाँडो मानव समाजको दैनिकी सहज हुनेछ । त्यसैले कोरोनाको नाममा व्यवस्थापकले कोरोना अघिका पुराना दायित्व अनुसार भुक्तानी गर्नुपर्ने दायित्वबाट र कम्पनी बन्द नगरेसम्म कारोबारकर्मीहरूका हकमा निर्वाह गर्नुपर्ने दायित्वबाट उम्किन नसक्ने कुरा प्रस्ट छ ।

विवादित सत्यको परीक्षण कानुनी प्रक्रियाको माध्यमबाट गर्न सकिन्छ । विवाद समाधानको अधिकार श्रमजीवी पत्रकार ऐनले सूचना विभागका रजिस्ट्रारलाई तोकेको छ । **हाम्रो माग कारोबार व्यवस्थापकसँग सरकारले तोकिदिएको न्यूनतम पारिश्रमिकको व्यवस्था अनुसार पत्रकार तथा कर्मचारीहरूको न्यूनतम पारिश्रमिक तय गर र कारोबारका लागि दिएको योगदानका आधारमा गर्नुपर्ने न्यूनतम समायोजन गर भन्ने मात्र हो । हामीले तलब बढाइदेऊ, भत्ता बढाइदेऊ भन्ने माग गरेका छैनौं । यो माग तीन वर्षअघि कारोबार व्यवस्थापन र पत्रकार तथा कर्मचारीबीच भएको सम्झौता अनुसार व्यवस्थापनले गर्छु भनेको र आफैले बनाएको विनियमावली अनुसार गर्नुपर्ने दायित्व भित्रको कुरो हो ।** हामीले पटक पटक मौखिक तथा लिखित रुपमा यी माग राखेर आन्तरिक रूपमा वार्ता र संवादबाट समस्या समाधान गर्ने प्रयास गरिरह्यौं । कानूनी प्रक्रिया अनुसार विवाद समाधानका लागि सूचना तथा प्रसारण विभागको प्रेस रजिस्ट्रारकोमा जाने तयारी भइरहँदा यस विषयमा स्पस्ट पार्दै विभागले मिडियाकर्मीलाई निर्देशन दिँदै विज्ञप्ति जारी गरेको पायौं ।

विभागले २०७५/१०/१८ मा न्यूनतम पारिश्रमिक कार्यान्वयन सम्बन्धमा जारी गरिएको विज्ञप्तिमा *‘न्यूनतम पारिश्रमिक निर्धारण गर्दा अन्य भत्ता तथा सुविधाहरू नजोडिने व्यवस्था मिलाई तोकिएको न्यूनतम पारिश्रमिक निर्धारण गर्ने निर्णयको कडाइका साथ पालना गर्न लगाई पत्रकार, कामदार, कर्मचारीहरूले न्यूनतम पारिश्रमिक पाएको सुनिश्चिता र सबै सञ्चार प्रतिष्ठानहरूले श्रमजीवी पत्रकार कामदार/कर्मचारीहरूलाई बैंकिङ प्रणाली मार्फत् पारिश्रमिक भुक्तानीको व्यवस्था मिलाए पश्चात मात्र सरकारी स्तरबाट प्रदान गरिने सेवा सुविधा प्रदान गर्ने व्यवस्था हुन भनी आएको हुँदा सम्पूर्ण सञ्चार प्रतिष्ठानहरूले आफ्ना श्रमजीवी पत्रकार कर्मचारी र कामदारहरूको बैंक खाता खोली २०७५ माघ महिनादेखि तलब भत्ता बैंक मार्फत भुक्तानी गरी सोको [illegible] सहितको विवरण यस विभागमा [illegible] गराइ दिन हुन अनुरोध छ,’* उल्लेख छ ।

श्रमजीवी पत्रकार ऐन कार्यान्वन गर भन्ने मूल माग राखी गरिएको आन्दोलन २०७३ लाई सम्बोधन गर्न तत्कालीन सम्पादक डा. पुष्प अधिकारीका बेला कारोबार दैनिकको बारेमा निर्णय गर्ने बोर्डले २०७३ साउनदेखि जारी हुने विनियमावलीमा पारिश्रमिक सम्बन्धी दुई व्यवस्था गरेको छ । त्यसको परिभाषा खण्डको

*थ) “पारिश्रमिक” भन्नाले श्रमजीवी पत्रकार, कर्मचारी तथा कामदारले कम्पनीको काम गरेबापत कम्पनीको तर्फबाट पाउने तोकिए बमोजिमको तलब, भत्ता तथा तलब वृद्धि समेत सम्झनु पर्दछ । र*

*द) “खाईपाई आएको तलब” भन्नाले तलब र तलब वृद्धिलाई मात्र जनाउनेछ ।’*

सूचना तथा प्रसारण विभागले विज्ञप्तिमा उल्लेख गरेसरह कारोबार दैनिकको यो विनियमावलीले पत्रकार, कामदार र कर्मचारको तलबमान दुई परिभाषाबाट निर्धारण हुने दर्शाउँछ । सरकारले तोकेको न्यूनतम पारिश्रमिक कारोबारको विनियमावली तथा व्यवहार अनुसार आधारभूत तलब हो अथवा खाइपाइ आएको तलब हो । माथिल्लो तहका व्यवस्थापक समेतबाट यो विनियमावली लागु नै नभएको हल्ला फिजाइएको छ । तर, यो विनियमावली लागु हुनु वा नहुनु त्यति महत्वपूर्ण विषय होइन र हुँदैन । व्यवहारले के भन्छ त्यो महत्वपूर्ण विषय हो । कारोबार दैनिक शुरू भएदेखि विनियमावलीमा भएको प्रावधान व्यवहारमा लागू भएको देखिन्छ । **दशौं पेश्की खाइपाइ आएको तलबको आधारमा दिने गरिन्छ । सरकारले तोकेको तलब हामी कारोबारकर्मीको हकमा व्यवहार गरिए अनुसार खाइपाइ आएको तलब हो । तर व्यवस्थापकले सरकारले तोकेको न्यूनतम पारिश्रमिकलाई भत्ता सुविधा सहितको पारिश्रमिक बनाइ व्यवहार गरी हामीसँग ठगी गरेको प्रष्ट हुन्छ ।** हाकाहाकी व्यवस्थापकको पक्षबाट भइरहेको ठगीलाई प्रोत्साहन गर्ने सम्पादक, प्रशासक र प्रकाशक ठगी अभियोगका मतियार हुन्छन् कि हुँदैनन् ? वा ठगी गरेको हो होइन त्यसको सत्य परीक्षणका लागि फौजदारी संहिता बमोजिम जानुपर्ने विषय त्यसको हदम्याद बाँकी रहेको छ छैन भन्ने सम्बन्धी अध्ययनका लागि वरिष्ठ अधिवक्तासँग परामर्शमा साथीहरू सक्रिय रहनु भएको छ । हद म्याद ठहरिए त्यस विषयमा साथीहरूले गर्ने निर्णय अधिकार साथीहरूमा सुरक्षित छ । **कारोबार पत्रकार तथा कर्मचारी संघको संयोजक भएको नाताले न्यूनतम तलबमानको निक्यौंल र व्यवस्थापकसँग वार्तामा रहेका बेला एकलौटी रूपमा नियम कानून बनाई लागु गर्न खोजिएको विषयको खारेजीको विषयमा आन्दोलनको नयाँ तथा निर्णायक चरणको कार्यक्रम घोषणा गर्दछु ।**

माथि उल्लेखित सबै विषयमा आफूसँग प्रमाण रहेको छ । गैरआवासीय नेपालीहरूलाई जे पनि छुट गर्ने अधिकार सरकारले दिएको छ र ? विवादै नरहेको यस्तो स्पस्ट विषयलाई विवादित बनाइ श्रमजीवी पत्रकार ऐन कार्यान्वयन नगराउने मनसाय सञ्चार प्रतिष्ठान, पत्रकार महासंघका वर्तमान र निवर्तमान अध्यक्षहरू, न्यूनतम पारिश्रमिक निर्धारण समितिका वर्तमान र निवर्तमान अध्यक्षहरू र सरोकारबाला मन्त्रालय तथा तिनका मातहतका निकाय सबैको रहेको छ भने यो ऐन खारेज गर्नु पर्ने देखिदैन र ? श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन भनेको संचार प्रतिष्ठानले देखाउने न्युनतम पारिश्रमिक उपलब्ध गराएको प्रमाण मात्र हैन भन्ने संचार क्षेत्रका अभियन्तालाई जानकारी नभएको विषय हैन । सिद्धान्तमा चर्का कुरा गर्ने र श्रमजीवी पत्रकार ऐनलाई संचार प्रतिष्ठानसँगको साँठगाँठमा बेच्ने मनसाय सत्य हो भने ऐनको खारेजी आम श्रमजीवी पत्रकारको छ र हुनुपर्छ ।

कारोबारकर्मीको यो लडाइँ अब आम श्रमजीवी सञ्चारकर्मीको बन्न पुगेको छ । हामी कारोबारकर्मीहरूसँग यसको खारेजी कि त कार्यान्वयन बाहेक अर्को विकल्प छैन । त्यसैले माथि सम्बोधित श्रमजीवी पत्रकार तथा कर्मचारीसँग निकटतम सम्बन्ध राख्ने निकायको रोह बनाइ यो चरणको आन्दोलनलाई अगाडि बढाउने निर्णय गरेका छौं ।

रोहवरमा समावेश श्रमजीवी पत्रकार ऐनसँग जोडिएका सम्बन्धित निकायका प्रतिनिधिहरूले खारेज गर्ने निर्णय गरे तत्काल श्रमजीवी पत्रकार ऐन खारेज गर्ने प्रतिबद्धता सत्तापक्ष तथा प्रतिपक्षी पार्टीहरूको संसदीय दलका नेताहरूको तर्फबाट आउनु पर्ने हो कि त कारोबार व्यवस्थापकले सत्य स्वीकार गरी यसको समुचित समाधान खोज्ने असल नियतका साथ प्रतिबद्धता जनाउनु पर्ने हो । आन्दोलनलाई कति लम्बाउने वा छोट्याउने भन्ने हाम्रो हातमा छैन ।

यसका लागि कारोबारकर्मीहरूले कारोबार दैनिकको परिसरमा धर्नाको कार्यक्रम राख्ने छन् । त्यसपछि सत्यको आग्रहका लागि सत्याग्रही आन्दोलनको उत्कर्षका लागि कारोबार पत्रकार तथा कर्मचारी संघको तर्फबाट कारोबार परिसरमा रिले अनसन र क्रमश: अन्त्यमा आमरण बस्ने निर्णय गरेका छौं । अन्य कारोबारकर्मीहरूले दैनिकलाई पूर्ववत सघाउने कार्यलाई सकेसम्म निरन्तरता दिनु हुने र आन्दोलनका अन्य सहयोगी कार्यहरूलाई पनि सघाउनु हुने अपेक्षा लिएका छौं ।

**एक माग:**

१. श्रमजीवी पत्रकार तथा कर्मचारीलाई बाँधा श्रमिक झैं व्यवहार हुँदा समेत लागू गर्न नसकिएको श्रमजीवी पत्रकारसम्बन्धी श्रमजीवी पत्रकार ऐन खारेज गर वा कारोबार दैनिकले २०७३ मा त्यसअघिको क्षतिपूर्ति तिरेर गरेको श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयनको प्रतिवद्धता र आफैले तयार गरेको विनियामली अनुसार व्यवहार नगरेर कोरोना कालमा पत्रकार तथा कर्मचारीको रोजागारीको अधिकार खोस्ने, श्रमशोषण गर्ने, दुर्व्यवहार गर्ने, मानसिक तनाव दिने काम बन्द गर ।

**आन्दोलनका कार्यक्रम:**

१. धर्ना कार्यक्रम: २०७७ भदौ २१ गतेदेखि भदौ २५ गतेसम्म, दिउँसो ३ देखि ६:०० बजेसम्म ।

२. सत्याग्रह, अनसन: २०७७ भदौ २७ गतेदेखि अनिश्चितकालीन ।

**धर्मेन्द्र कर्ण**
**संयोजक, कारोबार पत्रकार तथा कर्मचारी संघ**

# दोषीलाई कडाभन्दा कडा कारबाही हुन्छ : मुख्यमन्त्री राउत

रौतहट । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले रौतहट घटनाका दोषीहरुलाई कडाभन्दा कडा सजाय दिलाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

रौतहटको गरुडा र माधवनारायण नपामा पछिल्लो समयमा भएका घटनाको पीडित परिवारहरुसँग मुख्यमन्त्री राउतले दोषी जो र जुन दर्जाको भए पनि सजाय भोग्नु पर्ने बताएका हुन् ।

गरुडा नपाको जिङ्गडियामा हत्या भएको राम परिवारसँगको भेट्मा उनले गरुडा घटनाबारे सूक्ष्म छानबिनका लागि आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्र यादवको अध्यक्षता उच्चस्तरीय छानबिन समिति गठन भैसकेको र समितिको प्रतिवेदनको आधारमा दोषीलाई कडाभन्दा कडा कारबाही गरिने उल्लेख गरे ।

मुख्यमन्त्री राउतले मृतकका परिवारलाई प्रदेश सरकारको तर्फबाट राहत उपलब्ध गराउने घोषणा समेत गरे ।

उक्त अवसरमा आन्तरिक मामिलामन्त्री ज्ञानेन्द्र कुमार यादवले दोषी प्रहरीहरुलाई निलम्बन गरेर कारबाही प्रक्रिया सुरु गरिसकेको उल्लेख गर्दै न्याय पाउनेमा विश्वस्त रहन पीडित परिवारलाई आग्रह गरे ।

यसैगरी माधव नारायण नपामा हत्या भएको पुजारी राम साहको हत्यास्थल पुगेका मुख्यमन्त्री राउतले बाबाको हत्यामा संलग्न दोषीलाई कडाभन्दा कडा कारबाही गराउने प्रतिबद्धता व्यक्त गरे ।

साधु जस्तो व्यक्तिलाई हत्या गर्नेलाई फाँसीको सजाय पनि कम हुने उल्लेख गर्दै मुख्यमन्त्री राउतले त्यस्ता अपराधीलाई ईश्वरले पनि माफ गर्न नसक्ने उल्लेख गरे ।

कार्यक्रममा आन्तरिक मामिलामन्त्री यादवले प्रदेशमा शान्ति सुरक्षा कायम गर्न आफूहरु प्रतिबद्ध रहेको बताए ।

उक्त अवसरमा भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र राय यादवले अपराधलाई राजनीतिकरण नगर्न विपक्षीलाई चेतावनी समेत दिए ।

उक्त क्षेत्रमा शान्ति सुरक्षा कायम गर्ने उदेश्यले बिहीबार खेसरिया बजारमा मुख्यमन्त्री र आन्तरिक मन्त्रीले संयुक्त रुपमा प्रहरीचौकीको भवन शिलान्यास गर्नुका साथै पोखरी सौन्दर्यीकरणको शिलान्यास समेत गरेका छन् ।

कार्यक्रममा प्रदेशसभा सदस्य शेख अबुल कलाम, राम किशोर यादव, बाबुलाल साह, मुख्यन्यायाधिवक्ता दिपेन्द्र झा, स्थानीय तहका प्रमुखहरु, सुरक्षा निकायका प्रमुखहरु सहितको सहभागिता रहेको थियो ।

# भदौभित्रै भारतबाट रेल आउने

काठमाडौं । जनकपुरदेखि जयनगरसम्म सञ्चालनका लागि भारतसँग खरिद गरिएको दुईवटा रेल यही भदौभित्र नेपाल आउँदैछ । नेपाल र भारतबीच जीटूजी प्रक्रियाबाट रेल खरिद गरिएको हो । नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक गुरु भट्टराईले भदौभित्र रेल नेपाल आइपुग्ने जानकारी दिए । उनले कोरोना महामारीको सङ्क्रमण सामान्य नभएसम्म रेल सञ्चालनमा भने नआउने भन्दै उनले भदौभित्रै रेल नेपाल आइपुग्ने बताए । अहिले भारतको विहारस्थित हाजिपुर स्टेसनमा राखिएको रेल कोरोना भाइरस सङ्क्रमणका कारण उत्पन्न अवरोधले नेपाल आउन केही ढिलाइ भएको हो । रेल नेपाल र भारतबीच ‘क्रस बोर्डर’ चलाउनुपर्ने भएकाले दुवै मुलुकमा अहिले कोरोना महामारीको सङ्क्रमण दर उच्च रहेको हुँदा तत्काल सञ्चालनमा आउन नसक्ने महाप्रबन्धक भट्टराईले स्पष्ट पारे ।

## संक्षिप्त समाचार

### निषेधाज्ञाको विरोधमा प्रदर्शन

जनकपुरधाम । निषेधाज्ञाको नाममा व्यापारीहरुलाई धारासायी गर्ने काम भइरहेको भन्दै धनुषा चेम्बर अफ कमर्सले जनकपुरमा विरोध प्रदर्शन गरेको छ । जनकपुरमा उद्योगी व्यवसायीले भुक्तानी गरेको करले सरकारले तलब भत्ता खाने सरकारदेखि सम्पूर्ण निकायका कर्मचारीहरुले सेवा सुविधा लिइरहेको समयमा व्यापारीहरु मात्र मारमा परेको भन्दै जनकपुरस्थित जनक चोकमा चेम्बरको अगुवाईमा व्यापारीहरुले बिहीबार प्रदर्शन गरेको हो । विरोध प्रदर्शनको क्रममा धनुषा चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष सरोज मिश्रले व्यापारीहरू सरकारी कर, बैंक ब्याज, पसल भाड़ा, आर्थिक ख़र्चको मार खेपिरहेको समयमा पनि सरकारले व्यापारीहरूलाई नै निषेधाज्ञाको नाम व्यापार व्यवसाय चौपट बनाउने काम गरेको आरोप लगाए ।

### बर्दिबास नगरपालिकाले परीक्षण गर्ने

महोत्तरी । महोत्तरीको बर्दिबास नगरपालिकाले आफैं कोभिड-१९ को परीक्षण शुरु गरेको छ । आफ्ना नगर क्षेत्रभित्रका जनताका लागि आफ्नै लगानीमा आरडीटी पीसीआर मेशिन गरिद गरी नगरपालिकाले अब आफैंले कोभिड-१९ को परीक्षण शुरु गरेको नगरप्रमुख विदुरकुमार कार्कीले बताए । नगर क्षेत्रभित्र पनि कोरोना समुदायस्तरमै फैलिएको भन्दै उहाँले सङ्क्रमणलाई नियन्त्रणमा लिन सबभन्दा पहिले सङ्क्रमितको सम्पर्कमा आएकालाई पहिचान गर्दै तिनको परीक्षणलाई प्राथमिकता दिएको बताए । पहिला कोरोना परीक्षणको रिपोर्ट आउन १५ दिन लाग्ने गरेको तर अब आफ्नै मेशिन भएपछि आजको भोलि नै रिपोर्ट आउने र दैनिक ८०० को स्वाब परीक्षण गर्न मिल्ने भएको उनले बताए ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

बाँके । डुडुवा गाउँपालिका-५ कम्मरजँहास्थित बाबाकुटी मन्दिरका पुजारी सोही ठाउँ बस्ने ४० वर्षीय नजिर महमदलाई ३० वर्षीया र २८ वर्षीया महिलालाई झारफुक गर्ने बाहानामा बोलाई जबरजस्ती करणी गरेको अभियोगमा प्रहरीले पक्राउ गरेको छ । महमदले ती महिलाहरूलाई झारफुक गर्ने बहानामा बुधबार मन्दिरको कुटिमा बोलाई जबरजस्ती करणी गरेको भन्ने खबर बिहीबार बेलुका प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय बनकट्टीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

### ट्रकको ठक्करबाट पैदलयात्रीको मृत्यु

रुपन्देही । रुपन्देहीमा ट्रकको ठक्करबाट एक किशोरको मृत्यु भएको छ । सैनामैना नगरपालिका-५ बुद्दनगरस्थित सडकमा शुक्रबार बिहान ना.६ ख ५७०२ नम्बरको ट्रकको ठक्करबाट पैदलयात्री सोही नगरपालिका-६ कलौनी बस्ने छत्र बहादुर बिकको १६ वर्षीय छोरा बिनोद विकको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका बिनोदको लुम्बिनी प्रादेशीक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । ठक्कर दिने ट्रक र ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### कोरोना संक्रमणबाट स्वास्थ्यकर्मीको मृत्यु

जनकपुरधाम । नेपालमा कोरोना भाइरस संक्रमणबाट पहिलो पटक स्वास्थ्यकर्मीको मृत्यु भएको छ । जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीका अनुसार मनरा सिसवा-४ निवासी ४० वर्षीय हेल्थ असिस्टेन्टको तीन दिनअघि मृत्यु भएको हो । कोरोना संक्रमण पुष्टि भएर गम्भीर बिरामी परेका उनलाई उपचारका लागि महोत्तरीबाट काठमाडौं ल्याउँदै गर्दा काभ्रेस्थित भकुन्डेबेंसी क्षेत्रमा मृत्यु भएको थियो । गाउँमै औषधि पसल चलाइरहेका उनी बिरामीको सेवामा सक्रिय थिए । त्यसै क्रममा उनी बिरामी परेका थिए ।

### कैलालीमा निषेधाज्ञा जारी

कैलाली । कोरोना भाइरस (कोभिड-१९) नियन्त्रण तथा रोकथामका लागि कैलालीमा जारी निषेधाज्ञा थप ५ दिनसम्म निरन्तर रहने भएको छ । जारी निषेधाज्ञाको प्रभाव सकारात्मक देखिएकोले थप पाँच दिन लम्ब्याइएको जिल्ला प्रशासन कार्यालय कैलालीका प्रमुख जिल्ला अधिकारी यज्ञराज बोहराले आदेशमा भनेका छन् । अत्यावश्यक सेवा तथा वस्तु बाहेकका अन्य सबै प्रकारका उद्योग, व्यापार व्यवसाय संचालन नगर्ने, औषधी, खाद्यवस्तु तथा अन्य अत्यावश्यक उपभोग्य वस्तु तथा सेवा खरिदको काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कन भनिएको छ । यस्तै, अत्यावश्यक कार्यका लागि घर बाहिर निस्कदा अनिवार्य रुपमा मास्कको प्रयोग तथा न्यूनतम भौतिक दूरी कायम गर्नु पर्नेछ । अत्यावश्यक सामाग्री लगायतका मालबाहक ढुवानीका सवारी साधन, भन्सारबाट जाँचपास भई आएका ढुवानीका साधन, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन बाहेक अन्य सवारी साधनहरु जिल्ला भित्र प्रवेश निषेध गर्ने निषेध आदेशमा भनिएको छ ।

### वीरगन्ज थप संक्रमितको मृत्यु

वीरगन्ज । कोरोना संक्रमणबाट रौतहटका थप १ जनाको वीरगन्जमा मृत्यु भएको छ । गण्डक कोभिड अस्पतालमा उपचाररत रौतहटको राजपुरतुल्सी घर भएका ४० वर्षीय पुरुषको आइतबार बिहान मृत्यु भएको अस्पतालले जनाएको छ । पुरानो मधुमेहका रोगी उनमा कडा कोभिड निमोनिया देखिएको उपचारमा संलग्न चिकित्सकले बताएका छन् । खोकी र दमले श्वासप्रश्वाससमा समस्या भएपछि उनलाई नारायणीमा अस्पतालमा उपचारका लागि ल्याइएको थियो ।

### नेपाली सेनाका एक जवानले गरे आत्महत्या

काठमाडौं । नेपाली सेनाको जंगी अड्डामा कार्यरत तनहुँ रानी पोखरी स्थायी ठेगाना भएका एक जवानले आफैंले बोकेको हतियार प्रयोग गरी आत्महत्या गरेका छन् । आइतबार बिहान ०२:४५ बजेको समयमा उनले आत्महत्या गरेका हुन् । सो घटना सम्बन्धि जवानको नजिकको नातेदारलाई जानकारी गराइ सकिएको नेपाली सेनाले जनाएको छ । नेपाली सेनाको स्थायी कार्यविधि बमोजिम सैनिक प्रहरी समेतको सहयोगमा नेपाल प्रहरीले घटनास्थल तथा लास प्रकृति मुचुल्का तयार गरी मृतकको शव पोष्टमार्टमको लागि श्री त्रि.वि.शिक्षण अस्पतालमा पठाईएको र सो घटना सम्बन्धी आवश्यक अनुसन्धान शुरु गरिएको नेपाली सेनाले जनाएको छ ।

### ट्रकमा मोटरसाइकल ठोक्किँदा एकको मृत्यु

बाँके । राप्तीसोनारी गाउँपालिका-८ स्थित सडकमा ना.४ ख २१३९ नम्बरको ट्रकमा भे.८ प २२३८ नम्बरको मोटरसाइकल ठक्कर खाई आइतबार बिहान दुर्घटना हुँदा मोटरसाइकल चालक सोही गाउँपालिका-१ बस्ने ३२ वर्षीय केवन देवकोटाको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको उपचारका लागि भेरी अस्पताल नेपालगंजतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका सोही ठाउँ बस्ने ३ वर्षीय लिलाधर खड्का र घाइते भएका एक जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । खड्कालाई सर्पले टोकेर घाइते भएपश्चात उपचारका लागि लैजाने क्रममा उक्त मोटरसाइकल दुर्घटना भएको हो । दुवै सवारी साधन र ट्रक चालक प्रहरीले नियन्त्रणमा लिएको छ ।

### कपिलवस्तुमा कोरोनाबाट थप एकको मृत्यु

तौलिहवा । कोरोना विशेष अस्पताल बुटवलमा उपचाररत कपिलवस्तुको कृष्णनगर नगरपालिका रामनगरकी ७० बर्षिया सोनमति कुर्मीको बुधवार बिहान मृत्यु भएको छ । उनी लामो उक्त रक्तचापकी बिरामी थिइन् । उपचारकै क्रममा गत भदौ ७ गते कोरोना संक्रमण पुष्टि भएको जिल्ला स्वास्थय कार्यालयका कोरोना फोकल पर्सन कुमार थापाले बताए । यससंगै कपिलवस्तुमा कोरोनाबाट मृत्यु हुने संख्या चार पुगेको छ । मृत्यु हुनेमा ३ पुरुष र एक महिला हुन् । कपिलवस्तु नगरपालिकामा २, मायादेबी गाउँपालिकामा एक र कृष्णनगर नगरपालिकामा एक जना मृत्यु भएको हो ।

### करेन्ट लागेर एकको मृत्यु

मोरङ । रंगेली नगरपालिका-५ रामघाट जयनपुर टोल बस्ने ५५ वर्षीय राम प्रसाद मण्डलको करेन्ट लागेर मृत्यु भएको छ । सोही स्थानस्थित आफ्नै खेतमा पानी पठाउन मोटर जोड्ने क्रममा विद्युत सर्ट भई करेन्ट लागेर बिहीबार बिहान मृत्यु भएको छ ।




## स्थानीय सम्वाद

# रोगभन्दा पनि भोकबाट मर्ने अवस्था आउन दिनु हुँदैन



**अजय कुमार गुप्ता**
**मेयर, गौर नगरपालिका, रौतहट**

**० कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणका लागि गौर नगरपालिका के गर्दैछ ?**

– कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणका लागि सबभन्दा बढी गर्ने नै स्थानीय तह हो । गौर नगरपालिकाले चैत महिनादेखि नै कोरोना संक्रमण रोकथामका लागि हुन सक्ने जति उपायहरु छन्, ती कुराहरु गर्दै आएको छ । नगरपालिकाले जनचेतना फैलाउने, क्वारेन्टाइन व्यवस्थापन गर्ने, भारत वा अन्य मुलुकबाट आएका नेपालीहरुको चेकजाँच गरी व्यवस्थितरुपमा राख्ने, सीमामा हेल्प डेस्क स्थापना गर्ने लगायतका कामहरु सुरुदेखि नै गर्दै आएको छ ।

**० तर पनि संक्रमण नियन्त्रण हुन सकिरहेको छैन नि ?**

– संक्रमण नियन्त्रण तथा रोकथामका उपायहरु अपनाउँदा पनि नियन्त्रणमा नआउनुका धेरै कारणहरु छन् । नगरपालिकाले मात्रै चाहेर यो महामारीलाई नियन्त्रण गर्न सक्छ भन्नु मुर्खतापूर्ण कुरा हो । यसका लागि सबभन्दा पहिला आमजनता आफैमा सचेत हुनैपर्छ । कमसेकम भौतिक दूरी कायम गर्ने, मास्क लगाउने, सेनिटाइजर प्रयोग गर्ने, पटक-पटक साबुन पानीले हात धुने जस्ता कुराहरु मान्छेले आफै गर्नुपर्छ । गौर नगरपालिका भारतको सीमासँग जोडिएकोले स्थानीय प्रहरी प्रशासनबाट कडाई हुँदा पनि ओहोर-दोहोर हुने कार्य पूर्णरुपमा बन्द भएको छैन । छिमेकी भारतमा कोरोना संक्रमण कुनाकाप्चासम्म फैलिएको छ, त्यसले आवत-जावत हुँदा संक्रमण फैलिरहेको छ । सुरु-सुरुमा हामीले भारतमा काम गर्ने नेपालीहरु आउँदा क्वारेन्टाइनमा राखेर, पीसीआर टेष्ट गरेरै घर पठाउँथ्यौं । त्यो बेला कोरोना संक्रमण समुदायमा गएको थिएन । तर, अहिले कोरोना समुदायमा पनि प्रवेश गरिसकेकोले अलिकति अवस्था अप्ठ्यारो देखिएको छ । गौर नगरपालिकाले संक्रमण रोकथामका लागि हरेक प्रयासहरु गरिरहेको छ । हामीले होम आइसोलेसनको पनि व्यवस्थापन गरेका छौं । आजको मितिसम्म गौर नगरपालिकामा जम्मा दुई जना मात्रै कोरोना संक्रमित छन् । बाँकी सबै उपचारपछि निको भएर घर गइसकेका छन् ।

**० भनेपछि गौर नगरपालिकामा कोरोनाको भयावह अवस्था छैन ?**

– हामीले कन्ट्याक्ट ट्रेसिङ्ग गर्दा केही संक्रमितहरु फेला परेका थिए । तर सबै निको भइसकेका छन् । अहिले संक्रमित घटेका छन् । धेरैजसो अवस्थामा कोरोना छ कि छैन भन्ने थाहा पनि हुँदैन । जाँच गराएका पछि मात्रै थाहा हुन्छ । हामीले कोरोनाको लक्षण देखिनेहरुलाई टेष्ट गराउनुस् भनिरहेका छौं । संक्रमित भएका मान्छेहरुको कन्ट्याक्टमा आएकाहरुको टेष्ट गराउँछौं । साथसाथै अन्य कोही व्यक्ति इच्छुक छन् भने उनीहरुको पनि टेष्ट गराउँछौं । समग्रमा भन्नुपर्दा गौर अहिले कोरोनाको उच्च जोखिममा छैन । हालसम्म हामीले नियन्त्रणमा राखेका छौं । पहिला उच्च जोखिममा थियो । तर, विस्तारै-विस्तारै अब कोरोना संक्रमितको संख्या कम हुँदै गएको छ । तर कोरोनाको कुनै ठेगान छैन । कुन बेला कताबाट आउँछ भन्न सकिन्न । कोरोना रोकथाम तथा नियन्त्रका लागि विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को निर्देशनअनुसार मापदण्ड पालना गरेन भने संक्रमण बढ्न पनि सक्छ ।

**० आगामी दिनमा संक्रमण अझ नबढोस्, त्यसका लागि पूर्वतयारीहरु के-के गर्नुभएको छ ?**

– कोरोना भाइरसबाट मुक्ति पाउन सकिने अवस्था छैन । किनभने अहिलेसम्म यसको कुनै भ्याक्सिन आएको छैन । जबसम्म यसको भ्याक्सिन आउँदैन तबसम्म यो महामारी नियन्त्रण हुनेवाला पनि छैन । तर अब जनजीवन पनि सहज हुनुपर्छ । अहिले सबै क्षेत्र बन्द भएर भोकमरीको अवस्थामा पुग्ने परिस्थिति बन्दैछ । संक्रमणको जोखिम छँदैछ । त्यसैले अब हामी कोरोना सँगसँगै जिउनुपर्छ । लकडाउन वा निषेधाज्ञा मात्रै गरेर कोरोना संक्रमण नियन्त्रण गर्न सक्छौं भन्ने छैन । केही हदसम्म कोरोना चेनलाई तोड्न सक्छौं । जबसम्म आमनागरिकले आफै सचेत भएर मापदण्ड पालना गर्दैनन् तबसम्म नियन्त्रण गर्न सक्ने अवस्था आउँदैन । हामीले प्रत्येक सामुदायिक विद्यालयदेखि लिएर निजी विद्यालयहरुसमेतमा सचेतनाका कार्यक्रमहरु गरेर बच्चाहरुलाई प्रशिक्षित गरेका छौं । गौर नगरपालिका वा मैले मात्रै चाहेर हुँदैन । यसमा सबैको साझा प्रयास हुनुपर्छ । नियन्त्रण गर्ने हाम्रो वशको कुरा होइन, तर जोखिमलाई न्यून गर्न सक्छौं ।

**० गौरमा निषेधाज्ञा कहिलेसम्म जारी राख्ने ?**

– हामीले अहिले भाद्र २४ गतेसम्मका लागि निषेधाज्ञा जारी गरेका छौं । तैपनि विहान ७ बजेदेखि दिउँसो १२ बजेसम्म अति आवश्यकीय, खाद्यान्न र निर्माण सामग्रीहरुका लागि खुल्ला गरेका छौं । यसैगरी, बैंकहरु पनि बिहान ७ बजेदेखि दिउँसो १२ बजेसम्म खुलिरहेको छ । सरकारी कार्यालयहरु, सार्वजनिक सवारी साधनहरु बन्द छन् । कमसेकम निर्माण कार्य सुचारु हुँदा मजदूर तप्काका मान्छेले काम पनि पाउँछन् र हातमुख जोड्ने समस्या पनि आउँदैन । तर, अब हामी विस्तारै-विस्तारै खुकुलो बनाउँदै जान्छौं । बन्दाबन्दी मात्रै गरेर मान्छे रोगभन्दा पनि भोकबाट मर्ने अवस्था आउन दिनु हुँदैन । जनजीवनलाई सहज बनाउँदै कोरोनासँग लड्दै हामी अगाडि बढ्नुपर्छ ।

# भारतले छिमेकीलाई नि:शुल्क कोभिड-१९ खोप दिने

काठमाडौं । विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना भाइरसको संक्रमण निको पार्ने लागि अहिलेसम्म कुनै विशिष्ट औषधि फेला परेको छैन । त्यसैगरी कोरोनाविरुद्धको एकमात्र आशाको रुपमा विश्वभर विकास भइरहेका खोपहरुलाई लिइएको छ । सन् २०१९ को डिसेम्बर अन्तिबाट सुरु भएको कोरोनाले आठ महिनासम्म नियन्त्रणमा आउन सकेको छैन । संक्रमण थप फैलिँदै गएको छ भने स्वास्थ्य प्रणालीलाई कमजोर बनाइरहेको छ ।

कोरोनाको उद्गम मानिएको चीनले नेपाल, पाकिस्तान, फिलिपिन्सलगायत एसियाली, अफ्रिकी र ल्याटिन अमेरकी मुलुकहरुलाई उपलब्ध गराउने बताएको छ । चीनले तेस्रो चरणको परीक्षणमा रहेको खोप जुलाईदेखि आपतकालीन प्रयोग गर्दै आएको दाबी गरेको छ ।

भारतमा दुईवटा आन्तरिक र एउटा अक्सफोर्डले विकास गरेको खोपको परीक्षण भइरहेको छ । बेलायतको अक्सफोर्ड विश्वविद्यालयले विकास गरेको 'अक्सफोर्ड एस्ट्राजेनेका भ्याक्सिन' विश्वमा विकास भएर तेस्रो चरणको परीक्षणमा रहेका कोरोनाविरुद्धका खोपमध्येको पहिलो स्थानमा छन् । यसलाई भारतको 'सिरम इन्स्टिच्युट अफ इन्डिया'ले भारतमा परीक्षण गरिरहेको छ । यो खोप बेलायत, ब्राजिल र साउथ अफ्रिकामा तेस्रो चरणमा छन् ।

त्यसैगरी भारतको आन्तरिक रुपमा विकास गरेका अन्य दुई खोपहरु पनि मानव परीक्षणको दोस्रो चरणमा छन् । खोप विकास र उत्पादनमा ध्यान केन्द्रित भएसँगै वितरण योजना पनि बनाइरहेका छन् । अन्य मुलुकलेजस्तै भारतले पनि कोरोनाविरुद्धको खोपलाई कूटनीतिक 'अस्त्र' का रुपमा प्रयोग गर्ने योजना बनाएको छ ।

खोप विकास गरिसकेपछि कसरी उत्पादन र वितरणलाई थप व्यवस्थित र सुदृढ बनाउने भन्ने विषयमा अझै छलफल चलिरहेको भारतका एक स्वास्थ्य अधिकारीले हिन्दुस्तान टाइम्सलाई बताएका छन् । जसका लागि भारतको नीति आयोगका प्रमुख डा. भीके पउलको नेतृत्वको टोली खोप विज्ञहरुको समूहसँग परामर्श गरेर योजनाको विवरण तयार गरिरहेका छन् । उक्त टोलीले कसरी खोप उत्पादन र वितरण गर्ने भन्ने प्रतिवेदन बुझाएपछि भारतको स्वास्थ्य र विदेश मन्त्रालयका अधिकारीहरुले त्यसलाई अनुमोदन गर्नेछन् ।

गत साता भारतीय विदेश सचिव हर्षवर्द्धन श्रीङ्गलाले ढाकाको भ्रमणका क्रममा भने, "हाम्रा नजिकका छिमेकीहरू, मित्रहरू, साझेदारहरू र अन्य देशहरुलाई भारतले खोप उपलब्ध गराउनेछ ।

स्रोतले हिन्दुस्तान टाइम्सलाई बताएअनुसार भारतले खोप वितरणमा पाँचवटा मोडल तयार गरेका छन् । जसमा पहिलो मोडलमा नजिकका छिमेकीहरु अफगानिस्तान र सार्क मुलुकहरुलाई नि:शुल्क वितरण गर्ने जनाएको छ । यसमा पाकिस्तानलाई भने खोप उपलब्ध नगराउने विषयमा छलफल भइरहेको जनाइएको छ । पाकिस्तानलाई चीनले खोप दिने भएका कारण भारतले नदिने विषयमा छलफल भइरहेको बताइएको छ ।

दोस्रोमा भारतको अन्तर्राष्ट्रिय दायित्वका रूपमा विश्वका अन्य गरिब मुलुकहरुलाई ठूलो अनुदान दिएर वितरण गरिनेछ । भारतको यस योजनाबाट अधिकांश अफ्रिकी मुलुकहरु लाभान्वित हुनेछन् ।

तेस्रोमा भारतबाट खोप लिन चाहने केही सम्पन्न मुलुकहरुले बजार मूल्यमा खोप प्राप्त गर्नेछन् । चौथोमा भारतले तेस्रो चरणमा केही मुलुकहरुमा परीक्षणमा सहभागी गराउने र ती मुलुकहरुलाई केही डोज नि:शुल्क उपलब्ध गराउनेछ । र पाँचौंमा भारतले दुई खोपको सह( उत्पादनको लागि केही देशहरूलाई अवसर प्रदान गर्न सक्ने जनाइएको छ । जसले गर्दा खोप उत्पादनमा तीव्रता आउनेछ ।


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायनिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com


## सार्क मन्त्रीस्तरीय बैठक बस्ने

काठमाडौं। सरकारले दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन ( सार्क) को परराष्ट्रमन्त्री तथा मन्त्रीस्तरीय अनौपचारिक बैठकमा सहभागिता जनाउने भएको छ। मन्त्रिपरिषद्को भदौ ९ मा बसेको बैठकले उक्त निर्णय गरेको हो। परराष्ट्र मन्त्रालय स्रोतका अनुसार हालसम्म उक्त बैठकको मिति भने तय भइसकेको छैन। सबै मुलुकहरूसँग सहकार्य गरेर बैंठकको मिति तय गर्ने सार्कको परम्परा छ। नेपाल अहिले सार्कको अध्यक्ष राष्ट्र पनि हो। मन्त्रिपरिषद् बैठकको निर्णय सुनाउँदै सरकारका प्रवक्ता युवराज खतिवडाले सार्क राष्ट्रका परराष्ट्रमन्त्री तथा मन्त्रीस्तरीय 'भर्चुअल' बैठक आयोजना गर्न परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीको नेतृत्वमा ४ सदस्यीय प्रतिनिधिमण्डल गठन गरिएको जानकारी दिए। न्युयोर्कमा हरेक वर्ष हुँदै आएको संयुक्त राष्ट्रसंघको महासभा यसपटक कोभिड-१९ का कारण भर्चुअल हुने सम्भावना छ। महासभाकै साइडलाइन वार्ताका रुपमा सार्क मुलुकहरू नेपाल, भारत, पाकिस्तान, अफगानिस्तान, बंगलादेश, माल्दिभ्स, श्रीलंका र भुटानबीच यस क्षेत्रको आपसी विकास र समृद्धिको बारेमा कुराकानी हुने परराष्ट्र स्रोतले बतायो। कोभिड-१९, यसका असर र सार्क मुलुकहरूबीच संकटमा खेल्नुपर्ने भूमिकाको विषयमा छलफल हुन सक्ने बताइएको छ।

## चीनले राख्यो यस्तो सर्त

काठमाडौं । चिनियाँ प्रधानमन्त्री ली खछ्याङले थाइल्यान्ड, भियतनाम, कम्बोडिया, लाओस र म्यानमारका समकक्षीहरुलाई खोप उपलब्ध गराउँदा प्राथमिकतामा राख्ने भन्दै आश्वस्त पारेका छन् । तर, खोपका लागि बेइजिङले ती मुलुकसँग सर्त पनि राखेको बताइएको छ। सिन्ह्वाका एक पत्रकारले चिनियाँ सामाजिक सञ्जालमा जनाएअनुसार खोप पाउन ती आसियान मुलुकले विश्व स्वास्थ्य संगठनलाई समर्थन गर्नुपर्ने सर्त चीनले अघि सारेको छ । महामारीका बेला एसियादेखि युरोप र अफ्रिकासम्म मास्क, पीपीईलगायत सामग्री पुऱ्याएको चीन यतिबेला अमेरिका बाहिरिएपछि विश्व स्वास्थ्य संगठनमा नेतृत्वदायी भूमिका खेल्न लालायित छ । त्यस्तै मेकङ नदीसम्बन्धी मुद्दाहरुलाई पनि सर्तका रुपमा बेइजिङले अघि सार्नसक्ने हङकङ र सिंगापुरका सञ्चारमाध्यमले जनाएका छन् ।

भियतनाम, थाइल्यान्ड र कम्बोडियाले मेकङ नदीको बहाव कम हुनुमा चिनियाँ बाँध जिम्मेवार रहेको आरोप लगाउँदै आएका छन् । चीनले पाकिस्तानलाई ४ करोड डोज खोप उपलब्ध गराउने बाचा गरेको छ । त्यस्तै नेपाल, अफगानिस्तान र फिलिपिन्सलाई पनि खोप दिने प्रतिबद्धता चीनले गरेको छ ।

## विश्व परिवेश

# जम्मु काश्मीरमा धारा ३७० को खारेजको एक वर्षमै सुरक्षा व्यवस्थामा व्यापक सुधार

काठमाडौं । ५ अगस्त २०२० मा जम्मु काश्मीरलाई केन्द्रको शासनमा ल्याउँदै संविधानको धारा ३७० खारेज भएको एक वर्ष पूरा भएको छ । भारत सरकारले संविधानको उक्त अस्थायी प्रावधान हटाउन गरेको ऐतिहासिक निर्णय ठूलो बहस र छलफलको विषय बन्यो ।

लामो समयदेखि पाकिस्तान आतंकवाद, हिंसा, अतिवाद, राजनीतिक अस्थिरता र पृथकतावादबाट ग्रसित जम्मु काश्मीरका लागि ५ अगस्त २०१९ को दिन एक परिवर्तन, शान्ति, विकास र समृद्धिको आशा गरिएको दिन बन्यो । उक्त धाराको खारेजीले जम्मु काश्मीरमा सुरक्षा व्यवस्थलाई चुस्त बनाउनसमेत खोजिएको थियो। बर्षौंदेखि विद्रोह, सीमापार आतंकवाद, चरम सालाफी र वहाबी विचारधाराको उदय र अल(कायदा र इस्लामिक स्टेट वा राष्ट्रिय अन्तर्राष्ट्रिय आतंकवादी समूहको प्रभाव र विश्वव्यापी जिहादीको असरलाई जम्मु काश्मीरले सामना गरिरहेको थियो । तर, ५ अगस्त, २०१९ जम्मु काश्मीरका लागि नयाँ आशाको किरणको ऐतिहासिक दिन सावित भयो । यो विश्वास गरिएको छ कि यसको परिणामस्वरूप पूर्वाधार विकास, आर्थिक अवसरहरू, राम्रो स्वास्थ्य सेवा र सुधारिएको गुणस्तर जीवनशैली र अन्य सम्भावनाहरूले स्थानीय जनतामा कट्टरपन्थीकरण, आतंकवाद, आन्दोलन र हिंसालाई परास्त गर्ने काम गरेको छ । एक वर्षको अवधिमा कुनै खासै हिंसात्मक घटनाहरु र आन्दोलनहरु भएका छैनन् ।

सन् २०१९ को नोभेम्बमा केही आतंकवादी आक्रमणमा केही ट्रक चालक र मजदुरहरु मारिएका थिए । विगतका वर्षहरुलाई सन् २०२० को ६ महिनासँग तुलना गर्दा सुरक्षा व्यवस्था निकै सुधारन्मुख देखिएको छ । २०२० को जनवरीदेखि जुनसम्म एक स्वतन्त्र समूहले गरेको एक अध्ययन अनुसार २२४ जनाको मृत्यु भएको छ । तर, २०१९ को यहि अवधिमा २७१ जनाको मृत्यु भएको थियो । मारिएकामध्ये सबैभन्दा बढी २२४ जना आतंकवादी रहेको रहेको जनाइएको थियो ।

जम्मु काश्मीरका प्रहरी प्रमुखले २०२० को जुनमा दक्षिण काश्मीर क्षेत्रमा रहेका आतंकवाद नियन्त्रणमा आएको आश्वस्त पारेका थिए । त्यसैगरी जुलाई २०२० मा पाकिस्तानी आतंकवादी समूह लेटका कमाण्डर मारिएसँगै श्रीनगरमा आतंकवादको सूचीमा कोही पनि नभएको दाबी गरेको थियो ।

जम्मु काश्मीरमा सुरक्षा व्यवस्था निकै चुस्त बनेसँगै नागरिकहरुले शान्तीको श्वास फेर्न पाएका छन् । उनीहरुले कुनै आक्रमण र आन्दोलनबाट त्रसित हुनुपर्ने स्थिति छैन । उनीहरु आ(आफ्नो पेसा(व्यवसायमा निर्भिकताका साथ लाग्न पाएका छन् । बिहन उठेर बेलुका घर नफर्किने चिन्ताले उनीहरुलाई पिरोल्न छोडेको छ ।

# पछिल्ला सम्झौता पालना गर्न चीनलाई भारतको आग्रह

काठमाडौं । भारतीय विदेशमन्त्री एस जयशंकरले भारत र चीनलाई वास्तविक नियन्त्रण रेखा (एलएसी) मा शान्ति चाहिएको हो भने पछिल्ला सम्झौताहरुलाई पालना गर्नुपर्नेमा जोड दिएका छन् ।

हिन्दुस्तान टाइम्ससँगको कुराकानीमा जयशंकरलाई 'पूर्वी लद्दाखमा तनावको स्थिति कस्तो छ ?' भनेर प्रश्न गरिएको थियो । जवाफमा जयशंकरले भने, 'हामी कूटनीतिक र सैन्य माध्यमबाट चीनसँग सम्पर्कमा रहेका छौँ । हाम्रो दृष्टिकोणमा दुई कुरा अनिवार्यरुपमा शामेल छ । एक, सन् १९९३ देखि हामीले समय-समयमा चीनसँग केही सम्झौता गर्दै आएका छौँ जसअनुसार वास्तविक नियन्त्रण रेखामा दुवै पक्षले न्यूनतम बल तैनाथ राख्नुपर्छ । अहिले यो स्थिति छैन । किनभने चीनले ठूलो संख्यामा एलएसीमा सैना तैनाथ गरेको छ । हामीले बुझ्न सकिरहेका छैनौँ कि किन यस्तो भइरहेको छ ? स्पष्टरुपमा यदि हामी सीमामा शान्ति चाहन्छौँ भने हामीले ती सम्झौताहरुलाई पालना गर्नैपर्छ ।'

'दोस्रो, म मान्छु कि एलएसीलाई लिएर हाम्रो धारणामा केही अन्तर छ । तर, फेरि पनि दुई देशमा कुनै एक देशले एकतर्फीरुपमा यथास्थितिलाई बदल्ने प्रयास गर्न सक्दैन । यो ती सम्झौताको कारणले हो । स्वभाविकरुपमा यदि तपाईंले शान्तिलाई प्राथमिकता दिनुभएन भने यस्ता मुद्दा उठ्छन् ।'

'दुई देशमध्ये कसले स्थितिलाई सही ढंगले बुझ्न सकेको छैन ?,' भन्ने प्रश्नमा जयशंकरले भने, 'यहाँ कयौँ कुरालाई बुझ्नुपर्छ जसले 'बिग पिक्चर' लाई स्पष्ट गर्दछ । जस्तो चीनको उदय कसरी भयो र उसले विश्वलाई कुन नजरले हेर्दछ ? भारतको विकास कसरी भयो र आज हामी कहाँ छौँ ? साथै, अमेरिका जसको स्थान पछिल्लो दशकमा बदलिएको जसको भारत-चीन लगायत पूरा विश्वमा असर परेको छ । चीनले यो समयमा आफूलाई पूरै बदलेको छ भने भारतले धेरै उन्नति गरेको छ । चीनजस्तै भारतका पनि आफ्नै महत्वकांक्षाहरु छन् । त्यसैले हामीले मध्यमार्गीको बाटो पहिचान गर्न आवश्यक छ । हामीले एक अर्काको ध्यान राख्नुपर्छ र एक अर्काको लागि स्थान बनाउनुपर्छ । तर, हालमा जे भएको छ, त्यसलाई हेर्दा यो त्यति सजिलो छैन ।'

# युरोपेली संसदद्वारा महिला र बालिकाको रक्षा गर्न पाकिस्तानलाई आग्रह

ब्रसेल्स । युरोपेली संसदले पाकिस्तानलाई पाकिस्तानका महिला र बालिकाको सुरक्षा गर्न आग्रह गरेको छ । युरोपेली संसदले हालैका दिनहरुमा पाकिस्तानमा महिला र बालिकाहरुका विरुद्ध हिंसात्मक घटनाहरु भएको भन्दै महिला र बालिकाको रक्षा गर्नका लागि आग्रह गरेको हो ।

पछिल्ला केही महिनामा पाकिस्तामा महिलाविरुद्धको हिंसाका रुपमा मानिने गरिएका 'अनर किलिङ', बालिका तथा महिलामाथि एसिड आक्रमणका घटनामा बृद्धि भइरहेको बताइएको छ ।

यसका साथै पाकिस्तानका कतिपय स्थानमा महिलाहरुलाई जागिर गर्नबाट रोक्ने तथा अरु पनि विविध प्रकारका सामााजिक प्रतिबन्धहरु लगाइएको भन्दै यस्तो अवस्थामा त्यहाँका महिलाको रक्षा तथा सुरक्षा स्वयं त्यहीँको सरकारले गर्नुपर्ने भनेको हो ।

पाकिस्तानको वर्तमान सरकार र विगतको सरकारले पनि महिला र बालिकाको रक्षाको क्षेत्रमा खासै उल्लेखनीय काम गर्न नसकेको भन्दै यस विषयमा युरोपेली संसदले पुनः पाकिस्तानको सरकारको ध्यानाकर्षण गराएको बताइएको हो ।

केही दिनयता देखि पाकिस्तानको खैबर पाक्थुन्क्वा क्षेत्रमा महिलामाथि जबर्जस्त प्रकारका कानुनहरु बनाइएको र त्यहाँ बालिकाले पढ्ने विद्यालयहरु बन्द गराइएको भन्दै यस्तो कार्य नगर्न उक्त संसदले भनेको छ । त्यस्ता कानुनी प्रावधानहरु खारेज गर्न आदेश दिन युरोपेली संसदले पाकिस्तानको सरकारलाई भनेको छ । पाकिस्तानका महिला तथा अधिकारवादी सांसदहरुले पाकिस्तानको सरकारले नै महिलाविरुद्धका हिंसा हुने खालका कानुनहरुमा सुधार गर्न नसकेको र महिलाविरुद्ध पछिल्ला दिनहरुमा भएका आक्रमणहरुमा पनि सरकारले ध्यान नदिएको बताएका छन् ।

# अब दिल्लीदेखि लन्डन बसमै !

काठमाडौं । भारतको अड्भेन्चर्स ओभरल्यान्डले भारतको राजधानी दिल्लीबाट लन्डनसम्मको यात्रा विमानमा नभएर बसबाट गर्न सकिने नयाँ प्याकेज ल्याएको छ । यसमा कुनै किसिमको हवाइ यात्रा समावेश नरहेको बताइएको छ । 'बस टु लन्डन' ले २० जना यात्रुहरुलाई लक्जरी बसमा राखेर दिल्लीबाट लन्डनसम्म पुऱ्याउनेछ जसबीच १८ वटा देशहरु पार गर्नुपर्ने हुन्छ । यो यात्रा पूरा गर्न ७० दिन लाग्नेछ । वास्तवमा यो योजना १९५० र १९६० को दशकका हिप्पी ट्रेल बसबाट प्रेरित भएको बताइएको छ । साथै यसका यात्रुहरुले गन्तव्यमा पुग्नुअगाडि म्यानमारका पगोडा अवलोकन गर्न पाउनेछन्, चीनको ग्रेटवालमा हाइक गर्न पाउनेछन् भने मस्को, प्रेगलगायत ऐतिहासिक सहरहरु पनि घुम्न पाउनेछन् । बस टु लन्डनको उद्घाटन २०२१ को मध्यतिरबाट सुरु गरिने छ । लन्डनसम्मको पूरै यात्राको भाडादर २० हजार डलर रहेको छ । तर यात्रुहरुले आधा वा केही अंशसम्म मात्र यात्रा गर्न पनि पाउनेछन् जसलाई कूल चार भागमा विभाजित गरिएको छ । त्यस्तै यात्रा बेलायतबाट सुरु गर्ने कि भारतबाट भन्ने छनोट गर्न पनि पाउनेछन् । भारतबाट बसमा गएका यात्रुहरु लन्डन पुगिसकेपछि फर्कनका लागि विमानको प्रयोग गर्नेछन् जसमा बसले चाहिँ लन्डनबाट नयाँ २० यात्रुहरुलाई लिएर पुनः भारत फर्किनेछ ।

# बेंगलुरूमा मेट्रो रेल सञ्चालन हुने

काठमाडौं । भारतको बेंगलुरुमा सेप्टेम्बर ७ देखि मेट्रो रेल सञ्चालनको तयारी थालिएको छ । तर, रेल सञ्चालनसँगै केही प्रावधानहरु पनि तोकिएका छन् । बेंगलुरु मेट्रो रेल कर्पोरेसनले बेंगलुरु सहरको नम्मा मेट्रो रेल सेवा ७ सेप्टेम्बरबाट पुनः नियमिह हुन थालेको जनाएको छ । तत्कालका लागि मेट्रो सेवा बिहान ८ देखि ११ बजेसम्म र साँझ ४ देखि ७ बजेसम्म सञ्चालन हुनेछ । मेट्रो ट्रेन हरेक ५ मिनेटमा यात्रुले उपभोग गर्न पाउने कर्पोरेसनले जनाएको छ । ७ सेप्टेम्बरबाट बैजनी (पर्पल) तथा ९ सेप्टेम्बरबाट हरियो (ग्रिन) लाइनमा रेल सेवा सुरु गरिनेछ । यसमा यात्रा गर्ने स्मार्ट कार्डका उपभोक्ता मात्र रहनेछन् । रेल्वे स्टेसनमा हुने टोकन प्रणाली बन्द गरिएसँगै स्मार्ट कार्ड रहेका व्यक्तिले मात्र मेट्रो ट्रेन चढ्न पाउनेछन् । यस्तै सबै यात्रुले मास्क लगाउन अपरिहार्य रहेको कर्पोरेसनले जनाएको छ । यस्तै एकपटकमा एउटा रेलमा चार सय यात्रुले मात्र यात्रा गर्न पाउनेछन् । मेट्रो कर्पोरेसनका एक वरिष्ठ अधिकारीले समाचार एजेंसी एएनआईसँगको कुराकानीमा भनेका छन् कि ११ सेप्टेम्बर २०२० बाट मेट्रो ट्रेन बिहान ७ देखि राति ९ बजेसम्म चलाउने लक्ष्य राखिएको छ । यसअघि दिल्ली मेट्रोले पनि सबै यात्रुका लागि यस्तै नियम जारी गरेको थियो ।




# भारतीय रक्षामन्त्री आगामी हप्ता रुस जाने

मस्को । भारतीय रक्षामन्त्री राजनाथ सिंह आगामी हप्ता रुसको भ्रमणमा जाने भएका छन् । यस विषयमा रुसका रक्षामन्त्री सेर्गेइ सोइगुले जानकारी दिएका छन् । उनले आगामी हप्ता भारतका रक्षामन्त्रीलाई रुसमा स्वागत गर्न आफू आतुर रहेको जनाएका हुन् । उनले भारतीय रक्षामन्त्री सिंहलाई आगामी हप्ता मस्कोमा स्वागत गर्न आफूहरु आतुर रहेको भनी दिएको अभिव्यक्तिका बारेमा रुसमा रहेको भारतीय दूतावासले ट्वीटमार्फत जानकारी गराएको छ । भारतीय रक्षामन्त्री राजनाथ सिंह आगामी हप्ता अर्थात सेप्टेम्बर ४ देखि ६ तारिखसम्म रुसको भ्रमणमा जानेछन् । मस्कोमा आगामी हप्ता सांघाई कोअपरेसन अर्गनाइजेसको बैठक हुन लागेको छ । सो बैठकमा उक्त अर्गनाइजेसनका सदस्य राष्ट्रका रक्षामन्त्रीहरुको सहभागिता रहने छ । सोही बैठकमा सहभागी हुन भारतीय रक्षामन्त्री सिंह पनि त्यसतर्फ जान लागेको रुसस्थित भारतीय दूतावासले जानकारीमा दिएको छ ।

# ट्रम्पद्वारा दु:ख व्यक्त

वासिङटन । भारतका पूर्व राष्ट्रपति प्रणब मुखर्जीको सोमबार भएको निधनप्रति अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दु:ख व्यक्त गरेका छन् । उनले भारतीय पूर्व राष्ट्रपति मुखर्जीको निधनको खबर सुनेर आफू स्तब्ध भएको र आफूलाई निकै दु:ख लागेको बताएका छन् । राष्ट्रपति डोनाल्ड ट्रम्पले ट्वीट गरेर भारतका पूर्वराष्ट्रपति मुखर्जीप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गरेका हुन् । पूर्व राष्ट्रपति मुखर्जीको निधनले आफूलाई निकै दु:ख लागेको भन्दै आफ्नो र संयुक्त राज्य अमेरिकाका तर्फबाट मुखर्जीप्रति हार्दिक श्रद्धाञ्जलि तथा भारत र भारतीय जनताप्रति समवेदना व्यक्त गरेका छन् ।

## जिल्ला समाचार

# रौतहट घटनाको अनुसन्धान गर्न माग

रौतहट । रौतहटमा राज्यको नियन्त्रण र जिम्मेवारीमा रहेका युवाको शंकास्पद ढंगले भएको मृत्युको घटनाप्रति ध्यान गम्भीरतापूर्वक आकृष्ट भएको नेपाली कांग्रेसले जनाएको छ । रौतहटको इलाका प्रहरी कार्यालय गरुडामा केहि दिनदेखि हिरासतमा रहेका बर्ष १९ का बिजय महराको बिहिवार अकस्मात वीरगञ्जको एक अस्पतालमा निधन भएको खबर थाहा पाउँदा परिवारजन र स्थानीयवासी आक्रोशित हुनु स्वभाविक रहेको कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले विज्ञप्ती निकालेर जनाएका छन् । रहस्यमय ढंगले भएको उनको मृत्युबारे गहिरो अनुसन्धान गरेर वास्तविकता बाहिर ल्याउन कांगेसले सरकार समक्ष माग गरेको छ । त्यस्तै मोरङको जिल्ला कारागारमा रहेका बर्ष २६ का युवा निराजन यादवको बिहिवार अपरान्ह कोशी अस्पताल पुर्याए लगत्तै भएको मृत्यु बारे शंकास्पद विवरणहरु बाहिर आएको उल्लेख गर्दै कांग्रेसले घटनाको सत्यतथ्य अनुसन्धान मार्फत सार्वजनिक गर्न माग गरेको छ । धनुषाको सबैला नगरपालिकाका शम्भु सदाको प्रहरी हिरासतमा जेठ २७ गते मृत्यु भएको घटनाको अढाई महिना पुग्दै गर्दा उस्तै प्रकृतिका घटनाहरु दोहोरिनु अत्यन्तै दु:खद रहेको शर्माले जारी विज्ञप्तीमा जनाइएको छ । एकपछि अर्को उस्तै घटना हुँदै जांदा नेपाल प्रहरीको छविलाई त्यसले पुर्याउने असरप्रति गम्भीरताका लागि यसको नेतृत्वलाई समेत सजग गराउँदै नेपाली कांग्रेसले वास्तविकता सार्वजनिक गर्ने र आवश्यक कार्वाहीको प्रक्रियामा जाने कार्यमा कुनै मोलाहिजा नगर्न सरकार समक्ष आग्रह र माग गरेको छ । यसैबीच रौतहटको माधवनारायण नगरपालिकाको एक मन्दिरका पूजारी राम साहको हत्याको दोषीलाई कानुनको कठघरामा खडा गर्न अनुसन्धानमा विशेष तदारुकताका लागि नेपाली कांग्रेसले सरकारको विशेष ध्यानाकर्षण गराएको छ ।

# फरार प्रतिवादी २० वर्षपछि पक्राउ

कैलाली । डाँका चोरी मुद्दाका ४ जना फरार प्रतिवादीहरूलाई घटनाको २० वर्षपछि जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले पक्राउ गरेको छ । बिहीबार पक्राउ परेकामध्ये दुई जना २० वर्ष अघि घटना भएदेखि र दुई जना १५ वर्षअघि कारागारबाट भागी फरार रहेका थिए । पक्राउ पर्नेहरूमा जोशीपुर गाउँपालिका-६ बस्ने रोगही भन्ने ४५ वर्षीय करन राज थापा, सोही गाउँपालिका-३ बस्ने रोहीना भन्ने ४९ वर्षीय वर्षीय भगत चौधरी, सोही गाउँपालिका-४ बस्ने कालु भन्ने ३८ वर्षीय गुन सिंह कठरीया र भजनी नगरपालिका-६ बस्ने ४७ वर्षीय टिकाराम चौधरी रहेका छन् । जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उनीहरूलाई आ-आफ्नै घरमा लुकीछिपी बसेको अवस्थामा फेला पारी पक्राउ गरेको हो । जिल्ला अदालत कैलालीले २० वर्षदेखि फरार रहेका दुई प्रतिवादीहरु गुन सिंहलाई ४ वटा डाँका चोरी मुद्दामा ३९ वर्ष कैद र १४ हजार ७० रुपैयाँ जरिवाना तथा टिकाराम चौधरीलाई ५ वटा डाँका चोरी मुद्दामा ३८ वर्ष कैद र ९ हजार ८ सय ४० रुपैयाँ जरिवाना सजाय ठहर गरेको थियो । यसैगरी करन राज थापालाई अदालतले विभिन्न मितिमा गरेको फैसलाले ८ वटा डाँका चोरी मुद्दामा ८७ वर्ष कैद र ४४ हजार १ सय ५३ रुपैयाँ जरिवाना र भगत चौधरीलाई १ वटा डाँका चोरी मुद्दामा ६ वर्ष कैद र ४ हजार ५ सय रुपैया जरिवाना तोकेको थियो । उनीहरु दुवै जना २०५७ फागुन ३० गते पक्राउ परी पुर्पक्षका लागि कारागार कार्यालय कैलाली गएकोमा २०६१ माघ २७ गते कारागार बाट भागी फरार भएका थिए । पक्राउ परेका चारैजनालाई आवश्यक कारबाहीका लागि जिल्ला अदालत कैलालीमा पेश गरिएको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ ।

# रौतहट र सर्लाहीमा निषेधाज्ञा थप

रौतहट । सर्लाहीमा जारी निषेधाज्ञा भदौ २१ गतेसम्मका लागि थपिएको छ । कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि गठित 'कोरोना क्राइसिस म्यानेजमेन्ट सेन्टर'को बैठकले निषेधाज्ञाको समय भदौ २१ गतेसम्म थप गरिएको जनाएको छ । समुदाय स्तरमै संक्रमण फैलिसकेकोले थप संक्रमण हुन नदिन स्थानीय प्रशासन ऐन २०२८ तथा संक्रामक रोग ऐन २०२० बमोजिम जारी निषेधाज्ञा भदौ २१ गते राती १२ बजेसम्मका लागि निर्णय भएको प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जानकारी दिए । सर्लाहीमा साउन २६ गतेदेखि निषेधाज्ञा जारी छ । यता रौतहटमा गत साउन २४ गतेदेखि सुरु भएको निषेधाज्ञा पुनः १ हप्ताका लागि थपिएको छ । कोरोना संकट नटरेको भन्दै अगामी भदौ २१ गते राति १२ बजेसम्मका लागि निषेधाज्ञा थपिएको जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिएका छन् ।

# मृतक दलित युवाको परिवारलाई सहयोग

जनकपुरधाम । प्रहरी हिरासतमा उपचारको क्रममा मृत्यु भएका दलित युवा विजय महराको परिवारलाई प्रदेश २ को सरकारले पाँच लाख रुपैयाँ राहत दिने घोषणा गरेको छ । प्रदेश २ का आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र यादवले आइतबार एक विज्ञप्ति जारी गरी शोकाकुल परिवारजनलाई धैर्यधारण गर्न आग्रह गर्दै दोषीलाई कानूनबमोजिम कारबाही हुने प्रतिबद्धतासमेत जनाएका छन् । कर्तव्य ज्यान मुद्दाको अनुसन्धानको शिलशिलामा इलाका प्रहरी कार्यालय गरुडा रौतहटको थुनामा रहेका महराको उपचारको क्रममा नेशनल मेडिकल कलेज वीरगन्जमा गत बिहीबार मृत्यु भएको छ । परिवारजनले विजयलाई प्रहरीले कुटपिट गरी हत्या गरेको आरोप लगाएका छन् । यता, दलित अधिकारकर्मीहरुले समेत हत्या भएको भन्दै कारबाही माग गर्दै प्रदर्शन पनि गरेका छन् ।

# अटोरिक्सा दुर्घटनामा एकको मृत्यु

कपिलवस्तु । बाणगंगा नगरपालिका-१० गलहा पुलस्थित सडकमा लु.१ ह २६४५ नम्बरको अटो रिक्सा आफै अनियन्त्रित भई बुधबार दिउँसो दुर्घटना हुँदा अटोमा सवार रुपन्देही गैडहवा गाउँपालिका-४ पौवा बस्ने ४० वर्षीय दया शंकर चामारको घटनास्थलमै मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका चालक सहित ४ जनाको स्थानीय यादव मेडिकल हल मिलनचोकमा उपचार भएकोमा २ जना उपचार पश्चात डिस्चार्ज भएका छन् । अटो र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# महिला मृत फेला

रुपन्देही । गैडहवा गाउँपालिका-८ कञ्चनपुल खोलामा सोही गाउँपालिका-९ नयाँगाउँ बस्ने ५५ वर्षीया दिल कुमारी बिक मृत फेला परेकी छन् । उनी बुधबार मृत अवस्थामा फेला परेकी छिन् । यस सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# सेमी अटोमेटिक पेस्तोलसहित ५ जना पक्राउ

मोरङ । विराटनगर महानगरपालिका-४ कंचनबारीबाट १ थान सेमी अटोमेटिक पेस्तोल, सोको १ थान म्यागजिन र ३ राउण्ड गोली सहित कटहरी गाउँपालिका-२ बस्ने २७ वर्षीय अभिषेक रायसहित ५ जनालाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । केही व्यक्तिहरुले व्यापारीहरुलाई धाकधम्की दिई रकम माग्ने तथा चोरी गर्ने कार्यमा संग्लन भइरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पेस्तोल र उनीहरूले प्रयोग गरेको को.३२ प ७५२५ नम्बरको मोटरसाइकल सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# अवैध लागूऔषध गाँजा बरामद

पर्सा । कालिकामाई गाउँपालिका-२ झोलुङ्गे पुलस्थित सडकबाट करिब साढे ५ किलो अवैध लागूऔषध गाँजा मंगलबार दिउँसो प्रहरीले बरामद गरेको छ । प्रहरी चौकी सबैठवाबाट गस्तीमा खटिएको प्रहरीलाई देखेर भेडियाहीबाट बन्जारीतर्फ जाँदै गरेको बीआर२२ एम ४६६९ नम्बरको मोटरसाइकल छाडेर मानिस फरार भएपछि मोटरसाइकलमा राखेको उक्त गाँजा प्रहरीले बरामद गरेको हो । हाल फरार व्यक्तिहरुको प्रहरीले खोजी गर्नुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

# अवैध चाँदीसहित पक्राउ

कपिलवस्तु । कृष्णनगर नगरपालिका-३ झण्डिनगरबाट अवैध रुपमा ल्याएको करिब ४५ हजार रुपैयाँ बराबरको ९ सय ग्राम चाँदीको २५ जोर पायलसहित भारत सिद्धार्थनगर बस्ने १९ वर्षीय सादव रजा मुसलवानलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय कृष्णनगरबाट खटिएको प्रहरीले सादवको साथमा उक्त चाँदी फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# भारतका पूर्वराष्ट्रपति मुखर्जीको निधनमा विश्वका नेताहरुद्धारा श्रद्धाञ्जलि

नयाँदिल्ली । भारतका पूर्व राष्ट्रपति प्रणब मुखर्जीको सोमबार निधनप्रति विश्वका नेताहरुले श्रद्धाञ्जलि व्यक्त गरेका छन् । बंगलादेशका प्रधानमन्त्री शेख हसिनाले भारतीय पूर्व राष्ट्रपति मुखर्जीप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै उनको निधनले आफूलाई निकै दु:ख लागेको बताएका हुन् । प्रधानमन्त्री हसिनाले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई लेखेको पत्रमा भारतका पूर्व प्रधानमन्त्री मुखर्जीको निधनले आफूलाई निकै दु:ख लागेको भन्दै आफ्नो र बंगलादेशका तर्फबाट श्रद्धाञ्जलि व्यक्त गरेको बताएका छन् ।

त्यसैगरी भुटानका प्रधानमन्त्री लोतये छिरिङले पनि भारतीय पूर्व प्रधानमन्त्री मुखर्जीको निधनप्रति श्रद्धाञ्जलि अर्पण गरेका छन् । उनले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई पठाएको पत्रमा भुटानी जनता तर्फबाट भारतीय नतालाई समवेदना दिएका छन् ।

त्यसैगरी श्रीलंकाली प्रधानमन्त्री महिन्दा राजपाक्छेले पनि भारतीय पूर्व प्रधानमन्त्री मुखर्जीको निधनप्रति श्रद्धाञ्जलि अर्पण गरेका छन् । उनले भारतका पूर्व राष्ट्रपति मुखर्जीको निधनको खबर सुन्दा अफूलाई निकै दु:ख लागेको भनेका छन् ।

उनले ट्वीट गर्दै आफ्नो तर्फबाट र श्रीलंकाली नागरिकको तर्फबाट भारतीय पूर्व राष्ट्रपति मुखर्जीप्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दै उनको परिवार र सबै भारतीय नागरिकप्रति समवेदना व्यक्त गरेका छन् ।

त्यसैगरी रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले पनि भारतीय पूर्व प्रधानमन्त्री मुखर्जीको निधनप्रति श्रद्धाञ्जलि अर्पण गरेका छन् । भारतमा रहेको रुसी दूतावासले दिएको जानकारीअनुसार भारतका पूर्व राष्ट्रपति मुखर्जीको निधनप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै रुसी राष्ट्रपति पुटिनले भारतका राष्ट्रपति रामनाथ कोविन्द र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई पत्र पठाएका छन् । उनले सो पत्रमा रुसका एक सच्चा मित्र गुमाउन पुगेको भन्दै उनको कार्यकालमा रुस र भारतबीचको सम्बन्ध सौहार्दपूर्ण रहेको बताए । भारतका १३ औं राष्ट्रपति मुखर्जीको सोमबार निधन भएको थियो । उनको कार्यकाल सन् उन २०१२ देखि २०१७ सम्म रहेको थियो । पूर्व राष्ट्रपति मुखर्जीको अन्त्येष्टि गरिने भएको छ ।

## मुखर्जीको निधनमा भारतमा हप्तासम्म शोक

नयाँदिल्ली । भारतका पूर्व राष्ट्रपति प्रणब मुखर्जीको सोमबार निधन भएकोले मंगलबारदेखि भारतभर शोकको घोषणा गरिएको छ ।

भारत सरकारले सोमबारदेखि एक हप्तासम्म भारतभर शोक मनाउने घोषणा गरेको थियो ।

भारतमा मंगलबार भारतीय राष्ट्रपति भवन, त्यहाँको संसद भवन, भारतीय प्रधानमन्त्रीको कार्यालयसहित देशभरका सरकारी कार्यालहरुमा राखिएको झण्डा आधा झुकाइएको छ ।

झण्डै एक महिना अगाडि मस्तिष्कमा रगत जमेका कारण अस्वस्थ भएका भारतका पूर्वराष्ट्रपति मुखर्जीको नयाँ दिल्लीको सैनिक अस्पतालमा उपचाररत रहेको बेला सोमबार निधन भएको थियो । सोमबारदेखि लिएर सेप्टेम्बर ६ सम्मका लागि त्यहाँ राष्ट्रिय शोकको घोषणा गरिएको छ । यो शोकको समयमा भारतभर राष्ट्रिय झण्डा झुकाउनुका साथै कुनै पनि सरकारी औपचारिक कार्यक्रमहरु नगरिने जनाइएको छ । भारतीय गृह मन्त्रालयले विज्ञप्ति प्रकाशन गरेर यो शोकको घोषणा गरेको थियो । उनको राष्ट्रिय सम्मानका साथ मंगलबारै अन्त्येष्टि गरिएको छ ।

## काठमाडौं–रक्सौल रेलमार्गको अध्ययन अघि बढाउन भारत इच्छुक

काठमाडौं । काठमाडौ-रक्सौल रेलमार्गको अध्ययन अघि बढाउन भारत सरकारले चासो देखाएको छ । अध्ययनका लागि भारतीय टोली नेपाल आउन चाहे पनि कोभिड-१९ कारण तत्काल अनुमति दिन नसकिएको रेल विभागले जनाएको छ । रेल विभागले उनीहरुलाई नेपाल आउन अनुमतिका लागि गृह मन्त्रालयलाई भनेको छ । दुई वर्षपहिले नेपालमा सम्पन्न भएको बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिम्स्टेक) को चौथो शिखर सम्मेलनका क्रममा सो रेलमार्ग निर्माणको सम्झौता भएको थियो । भारत सरकारले आफ्नै लगानी र प्रविधिको प्रयोग गरेर सो रेलमार्गको अध्ययन गर्ने सहमति भएको थियो । नेपाल र भारतीय पक्षबीच भएको सहमतिमा प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको उपस्थिति थियो । भारत सरकारकै आर्थिक र प्राविधिक सहयोगमा सीमा क्षेत्रमा पाँच स्थानमा रेल निर्माणको समझदारी भएको थियो । सम्झौतानुसार जयनगर-कुर्था र विराटनगर(जोगबनी दुई स्थानमा निर्माण अघि बढिसकेको छ ।




# नेपालले एक अर्बको बिजुली भारत निर्यात गऱ्यो

काठमाडौं । नेपालले गत आर्थिक वर्ष २०७६/७७मा झण्डै एक अर्ब रुपैयाँको विद्युत् भारत निर्यात गरेको छ । आन्तरिक माग धान्न भारतबाट विद्युत् आयात गरिरहेको भन्ने आरोप खेपिरहेको नेपाल विद्युत प्राधिकरणले गत आवमा ९५ करोड ७० लाख रुपैयाँको विद्युत भारत निर्यात गरेको हो । यसले देश विद्युतमा आत्मनिर्भरतातर्फ अगाडि बढेको संकेत गरेको प्राधिकरणले जनाएको छ । आर्थिक वर्ष २०७५/७७मा ४१ करोड ३० लाख रुपैयाँको विद्युत निर्यात गरेको प्राधिकरणले त्यसलाई बढाएर ९५ करोड ७० लाख रुपैयाँ पुऱ्याएको हो । प्राधिकरणले सार्वजनिक गरेको तथ्याङ्कअनुसार, गत आवमा ९ करोड युनिट ऊर्जा निर्यात गर्ने लक्ष्य राखेकोमा १० करोड ७० लाख युनिट विद्युत निर्यात भएको छ । यो कुल आयातको तुलनामा ६ प्रतिशतबराबर हो ।

गत आवमा सबैभन्दा बढी असोजमा २ करोड ९६ लाख युनिट ऊर्जा भारत निर्यात गरिएको थियो । सबैभन्दा कम वैशाखमा सबैभन्दा कम १० हजार युनिट ऊर्जा निर्यात गरिएको थियो । कुशहवा-कटैया, परवानीपुर-रक्सौल, ढल्केबर-मुजफ्फरपुर र रामनगरबाट भारत विद्युत निर्यात गरिएको हो । भारतबाट आयात हुने विद्युतको अंश घट्दै गएको छ भने नेपालबाट भारतर्फको निर्यात बढेको छ । गत अवमा प्रणालीमा उपलब्ध ७ अर्ब ७४ करोड युनिट ऊर्जामध्ये भारतबाट २२.३४ प्रतिशत आयात भएको छ । देश जतिबेला १४ घन्टासम्मको लोडसेडिङमा थियो, मुलुकभित्रको कूल विद्युत खपतको करिव ३५ प्रतिशतविद्युत भारतबाट आयात गर्नु पर्ने अवस्था थियो । नेपाल-भारतबीच करिब ३५० मेगावाट विद्युत् प्रवाह हुनसक्ने अन्तरदेशीय प्रसारण संरचना रहेकोमा अहिले प्रसारण क्षमता वृद्धि भई करिव १५०० मेगावाट पुगेको छ। न्यु बुटवल-गोरखपुर मैनहिया-सम्पत्तिया, इनरुवा-पूर्णिया, लम्की-बरेली, कोहलपुर-नानपाराजस्ता नेपालभारत वीचको अन्तरदेशीय प्रसारण लाईनहरु अध्ययन एवं कार्यन्ययनको विभिन्न चरणमा रहेका छन् ।

## नेपालमा रेल चलाउन भारतबाट कर्मचारी ल्याइने

काठमाडौं । नेपालमा रेल सेवा सञ्चाल गर्न आवश्यक प्राविधिक कर्मचारी तत्काल भारतबाट नै ल्याइने भएको छ। उक्त रेल सेवा सञ्चालनका लागि चालक दल, मर्मतसम्भार इन्जिनियर, सिग्नल प्रणालीका इन्जिनियर, स्टेसन सञ्चालनसम्बन्धी विज्ञ लगायतका प्राविधिक कर्मचारी भारतबाट ल्याइने रेल विभागले जनाएको छ । यसका लागि दुवै मुलुकबीच औपचारिक प्रक्रिया सुरु भइसकेको छ । सो रेल सेवा सञ्चालनका लागि रेल्वे कम्पनीले रेल सेवासँग सम्बन्धित २६ जना कर्मचारी करारमा भर्ना गर्न १५ दिनको म्यादसहित २०७६ फागुन ९ गते आवेदन माग गरेको थियो तर आवेदनको अन्तिम म्यादसम्म एक जनाको निवेदन पनि परेन/ ।

## सीमा क्षेत्रमा भारतीय सेनाको संख्यामा बढोत्तरी

काठमाडौं । भारतीय सेना अरुणाञ्चल प्रदेशको सीमा क्षेत्रमा सैनिकको संख्या बढाएको छ । अन्जाव जिल्लामा उत्तरपश्चिमी सीमामा सेनाको संख्यामा उल्लेख्य वृद्धि गरेपछि त्यहाँ झडपको सम्भावना बढी भएको जनाइएको छ । तर, सेनाले भने नियमित गस्तीकै लागि सेना तैनाथ भएको जनाएको छ । यदि्प भारतीय सेनाका प्रवक्ता लिफ्टिनेन्ट कर्णेल हर्ष वर्दन पाण्डेले नियमित रोटेसनका आधारमा सेना त्यहाँ पठाइएको बताइएको छ । उनले भने, "विशेष गरी यो युनिट परिवर्तन गरिएको हो । यो हरेक पटक हुने गर्छ, त्योभन्दा धेरै केही होइन ।' त्यसैगरी लद्दाखसँग सीमा जोडिएको क्षेत्रमा भएको पछिल्लो भिडन्तमा आफ्ना कुनै पनि सैनिक नमारिएको भारतले दाबी गरेको छ । अप्रिल अन्तिबाट लद्दाखमा सुरु भएको भारत(चीनबीचको तानातानी जुन १५ को राति गलवान भ्यालीमा हिंसात्मक झडपमा परिणत भएको थियो ।

### आर्थिक समाचार

## आइएमई जनरल इन्स्योरेन्सद्वारा भर्चुअल ट्रेनिङ्ग

काठमाडौं । आइएमई जनरल इन्स्योरेन्स लिमिटेडले विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभड-१९) को असर र काठमाण्डौं उपत्यका लगायत देशको मुख्य मुख्य शहरहरुमा स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेको यस विषम परिस्थितिमा पनि आफ्ना अभिकर्ताहरुलाई भर्चुअल ट्रेनिङ्गको आयोजना गरेको छ । कम्पनीले बुधबारदेखि शुक्रबारसम्म निर्जिवन बीमाको विविध क्षेत्रलाई समेटेर अभिकर्ताहरुलाई प्रशिक्षण प्रदान गरेको छ । कम्पनीका विभागीय प्रमुखहरु देखि उच्च पदस्थ पदाधिकारीहरुले समेत प्रशिक्षण प्रदान गराएका थिए । उक्त प्रशिक्षण कार्यक्रममा ५५ जना भन्दा बढि व्यक्तिहरुको सहभागिता रहेको कम्पनीले जनाएको छ । यस प्रशिक्षण पश्चात अभिकर्ताहरुले बजारबाट बीमाको बजारीकरण गरेर आफनो आम्दानीको श्रोत बढाउन सक्ने र आफूलाई फ्रिल्यान्सर रोजगारीको रुपमा स्थापित गरी आय आर्जन गर्न सक्ने पनि कम्पनीले जनाएको छ ।

## भारतमा पब्जीसहित ११८ वटा चिनियाँ एप्समाथि प्रतिबन्ध

काठमाडौं । भारतले पब्जीसहित १ सय १८ वटा चिनियाँ एप्समाथि प्रतिबन्ध लगाएको छ । लद्दाखमा केही दिनयता भारत र चीनबीच तनाव सुरु भएपछि भारतको सूचना तथा प्रविधि मन्त्रालयले थप एक सयभन्दा बढी एप्सहरुमाथि प्रतिबन्ध लगाएको हो । भारतले यसअघि जुनमा सुरक्षाको कारण देखाउँदै टिकटक,यूसी ब्राउजर,वी च्याट लगायत ५९ वटा मोबाइल एप्समाथि प्रतिबन्ध लगाएको थियो । पूर्वी लद्दाखमा दुवै मुलुकबीच पुन:विवाद हुन थालेपछि भारतले डाटा सुरक्षाको कारण देखाउँदै प्रतिबन्ध लगाइएको भारतको सूचना तथा प्रविधि मन्त्रालयद्वारा बुधबार जारी विज्ञप्तिमा उल्लेख छ । प्रतिबन्ध लगाइएका एप्सहरुले आफ्नो मुलुकको सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता र भारतको सुरक्षामाथि खतरा भएको मन्त्रालयले जनाएको छ । मोबाइल फोन र मोबाइल एपको निकै ठूलो बजार मानिने भारतमा चिनियाँ फोन र एपहरुको प्रयोग निकै ठूलो मात्रामा हुने गरेको छ । मोबाइल एपका माध्यमबाट चीनले सूचना संकलन गर्ने भन्दै यिनलाई प्रतिबन्ध लगाउनु पर्ने बहस भारतमा चल्दै आएको छ ।

## यतिकेमले भारतबाट ल्यायो नेपालमा रेमडेसिभिर औषधि

काठमाडौं । यतिकेम डिस्ट्रिव्युट्र्स प्रालिले कोभिड - १९ का बिरामीलाई क्लिनिकल ट्रायलको रुपमा प्रयोग गरिएको रेमडेसिभिर औषधिको आयात गरेको छ । भारतीय औषधि निर्माण कम्पनी सिप्ला लिमिडेटबाट उत्पादित ४८० भाइल औषधि ल्याएको यतिकेमले जनाएको छ । कोरोनाका गम्भीर बिरामीको उपचारमा तुलनात्मक रुपमा प्रभावकारी मानिएको औषधि रेमडेसिभिर नेपालसहित विश्वभर क्लिनिकल ट्रायल (फेज थ्री) कै रुपमा प्रयोग हुँदै आएको छ । यतिकेमले रेमडेसिभिरको मूल्य अधिकतम ६ हजार ४ सय रुपैयाँ तोकेको छ । स्वास्थ्य मन्त्रालयले क्लिनिकल ट्रायलको रुपमा भएकोले औषधिको खर्च मन्त्रालयले अस्पताललाई सोधभर्ना गरिदिने भन्दै बिरामीले तिर्नु नपर्ने बताएको छ । यतिकेमका कार्यकारी अध्यक्ष प्रभुराज बैद्यले पहिलो लटमा ४८० भाइल औषधि आएको ल्याएको र १० सेप्टेम्बरमा यति नै परिमाणमा ल्याउने बताए । त्यसपछि २५ सेप्टेम्बरमा १०४० भाइल औषधि ल्याउने उनले जानकारी दिए । आयात गरिएको रेमिडिसिभिर औषधि काठमाडौं, चितवन, विरगञ्ज, बुटवल लगायतका स्थानका अस्पतालमा पठाइएको र बाँकी स्थानमा पनि आवश्यकता अनुसार पुऱ्याउने यतिकेमले जनाएको छ ।

## जसपामा...

सदस्यीय भागबण्डा गरेका छन् । जसमध्ये दुवै दलबाट पदाधिकारी २५(२५ जना हुनेछन् । पूर्व समाजवादीमा यादव र बाबुराम भट्टराई दुई अध्यक्ष थिए भने राजेन्द्र श्रेष्ठ सहअध्यक्ष थिए । आठ उपाध्यक्ष, तीन महासचिव, तीन उपमहासचिव, ६ सचिव र एक कोषाध्यक्ष छन् ।

त्यस्तै पूर्व राजपामा २६ पदाधिकारी थिए । महन्थ ठाकुर, राजेन्द्र महतो, राजकिशोर यादव, शरदसिंह भण्डारी, महेन्द्र यादव र अनिल झा गरी ६ जना अध्यक्ष मात्रै थिए । पूर्व समाजवादीकै हाराहारीमा राजपाले पनि पदाधिकारी बनाउने गरी गृहकार्य भइरहेको छ ।

राजपाको ७९४ सदस्यीय केन्द्रीय समिति थियो । अब बन्ने केन्द्रीय समितिमा त्यसबाट साढे ३ सय मात्र केन्द्रीय समितिमा अट्नेछन् । पूर्व समाजवादीको ४३१ सदस्यीय केन्द्रीय समिति थियो । उसले आफ्नोतर्फबाट केन्द्रीय समितिमा पठाउने साढे ३ सयको नाम तय गरिसकेको छ । पूर्व राजपाले पदाधिकारी र केन्द्रीय सदस्यको जाम तय गर्नासाथ केन्द्रीय समिति विस्तार हुने बताइएको छ ।

जसपाले तल्लो तहदेखि प्रदेश समिति समेत समायोजन र गठनका लागि परिपत्र समेत जारी गरिसकेको छ । मंसिर मसान्तसम्म तल्ला तहका कमिटी, भातृ संस्थाहरूको समयोजन सकिसक्ने जसपाको तयारी छ ।

राष्ट्रिय जनता पार्टी र संघीय समाजवादी पार्टीबीच एकता भएर गत असार २८ गते जनता समाजवादी पार्टी निर्वाचन आयोगमा दर्ता भएको थियो । तर, समायोजनको कार्यविधि तय नहुँदा एक महिनासम्म पनि अघि बढ्न नसकेको पार्टी समायोजन प्रक्रिया बल्ल अघि बढ्ने भएको छ । जनता समाजवादी पार्टीको सचिवालयले संगठनको समायोजन निर्देशिका बुधबार पारित गर्दै जिल्ला तहमा समेत पठाइसकेको छ ।

'पूर्व राष्ट्रिय जनता पार्टी र समाजवादी पार्टीबीच एकीकरण भइ गठन भएको दुवै पार्टी संगठन, समितिहरु, जनवर्गीय, भ्रातृ संगठनलगायत समायोजन गर्न समायोजनसम्बन्धी निर्देशिका ०७७ पारित गरेको छ,' अध्यक्ष महन्थ ठाकुर र उपेन्द्र यादवले संयुक्त हस्ताक्षर गर्दै परिपत्र पठाइसकेका छन् । जनता समाजवादी पार्टीको ५१ सदस्यीय कार्यकारिणी समिति छ । तर, केन्द्रीय समिति गठन, भ्रातृ संस्था र जिल्ला समितिहरुको समायोजन गर्न भने बाँकी नै छ ।

राष्ट्रिय जनता पार्टीको ५३ र समाजवादी पार्टीको ७७ जिल्लामै जिल्ला समिति छ । राजपाका जिल्ला समिति नरहेका जिल्लामा पनि कार्यकर्ताहरु छन् । राजपाको जिल्ला समिति नभएको ठाउँका नेता-कार्यकर्ता समाजवादी पार्टीको जिल्ला समायोजनमा समाहित हुनेछन् । समायोजन निर्देशिकामा समायोजनको नीति तथा मापदण्ड प्रष्ट पारिएको छ ।

जसमा, 'समितिको अध्यक्षलगायत नेतृत्व चयन गर्दा सम्बन्धित स्थानका पार्टी सदस्य संख्या, मातहतका समितिहरु, भ्रातृ, जनवर्गीय संगठनहरुलगायत संगठनात्मक स्थिति, पछिल्लो निर्वाचन परिणाम र नेतृत्वमा प्रस्तावित व्यक्तिको वरिष्ठता, क्रियाशीलता, क्षमता, योगयता र प्रभाविकारिता' लाई मापदण्डका रुपमा लिनुपर्ने उल्लेख छ । सकेसम्म सहमतिमै समायोजन टुंगाउन पनि निर्देशिकामा भनिएको छ ।

समितिहरु समायोजन गर्दा एक व्यक्ति, एक प्रमुख जिम्मेवारी मात्र दिइने भएको छ । पदेनबाहेक दुई अलग तहका समितिमा रहेका व्यक्तिहरुलाई आफू रहने समिति छनोटको अवसर भने दिइने व्यवस्था गरिएको छ ।

त्यस्तै समितिमा पदाधिकारी चयन गर्दा सामुदायिक विशेषताअनुसार समावेशीतालाई ध्यान दिनुपर्ने, महिलाको संख्या अपुग भए महिलाबाटै स्थान पूर्ति गर्नेगरी स्थान खाली राख्नुपर्ने निर्देशिकामा उल्लेख छ ।

जनता समाजवादी पार्टीले प्रदेश समिति तथा पहिचानमा आधारित राष्ट्रिय समिति पनि गठन गर्ने भएको छ । ती समिति गठनमा सहजीकरण गर्नका लागि केन्द्रीय कार्यदल खटाइने जनाइएको छ ।

प्रदेश र राष्ट्रिय समितिमा इन्चार्ज र सहइन्चार्ज केन्द्रीय कार्यकारिणी समिति नै तोक्ने समायोजन निर्देशिकामा उल्लेख छ । सहइन्चार्ज प्रदेशमा चारजना हुनेछन् भने राष्ट्रिय समितिमा भने आवश्यक्ताअनुसार तोक्न सकिने व्यवस्था गरिएको छ ।

त्यस्तै, जिल्ला समन्वय समिति र निर्वाचन क्षेत्र समन्वय समिति समायोजनका लागि एक तहमाथिको समितिले सहजीकरण गर्ने भएको छ । संघ र प्रदेशको निर्वाचनमा दुवै पार्टीले भाग लिएका ठाउँमा बढी मत प्राप्त गर्ने पार्टीले अध्यक्ष पाउने र अन्य पद आपसी सहमतिमा बाँड्ने निर्देशिकामा व्यवस्था छ ।

## अधुरै...

गर्न पाउँदा आफू हर्षित रहेको बताएका थिए ।

यो क्षेत्रको सडक, विद्युत, औद्योगिक क्षेत्रलगायत अन्य विकासका कार्यमा पनि भारत सरकारले निरन्तर सहयोग जारी राख्ने उनले आश्वासन समेत दिएका थिए । तर मुखर्जीले घोषणा गरेको ४ वर्ष बितिसक्दा पनि जनकपुरधाममा तिर्थालुको लागि धर्मशाला र चक्रपथ निर्माणको उनको सपना पूरा हुन सकेको छैन ।

जनकपुरधामको भ्रमणको क्रममा राष्ट्रपति मुखर्जीले एक घण्टा १५ मिनेट बिताएका थिए । उनले आफ्नो भ्रमणको क्रममा जानकी मन्दिरमा भगवान श्रीरामजानकीको करीब ३० मिनेट विशेष पूजापाठ गरेका थिए । पूजापछि तिरहुतिया गाछीमा जनकपुरधाम उपमहानगरपालिकाका कार्यकारी निर्देशक पुण्यप्रसाद लुइटेलले जनकपुरवासीको तर्फबाट मुखर्जीलाई नागरिक अभिनन्दन गरेका थिए ।

राष्ट्रपति मुखर्जीलाई नेपाली, मैथिली र अंग्रेजी भाषामा तयार पारिएको अभिनन्दन पत्रमा जनकपुर, मिथिला र नेपालको भारतका अयोध्या लगायत सहरबीचको आन्तरिक सम्बन्ध, राम र सीताबीचको वैवाहिक घटनाक्रम तथा दुई देशबीचको पारस्परिक सम्बन्धको वारेमा उल्लेख गरिएको थियो ।




**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **डा.राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१,
फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं